Vol. 10 Issue 2, 249-268 Jul. 2025
ISSN 2382-5103
JOURNAL OF DEVELOPMENT REVIEW




# प्रगतिवाद : परिचय र प्रवृत्ति

**यादव राज उपाध्याय**

**त्रिवि, सरस्वती बहुमुखी क्याम्पस, काठमाडौं, नेपाल**
Email: neupanesmc@gmail.com
ORCID: https://orcid.org/0009-0003-4468-4248

ARTICLE INFO

*Received date: April 28, 2025*
*Reviewed: May 09 2025*
*Revised: June 30 2025*
*Accepted: July 20 2025*

**लेखसार**

*प्रगतिवाद समाजव्यवस्थामा रहेका दुर्बलताहरूलाई हटाई द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिका साथ समानता, न्याय, वस्तु यथार्थता र आम निम्न वर्गीय जनताको समग्र प्रगतिप्रति प्रतिबद्ध समाजवादी यथार्थवादी कला-साहित्य दर्शन हो । यो यथार्थवादबाट सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, प्रगतिशीलता हुँदै विकसित चिन्तन धारा हो । यो सिर्जना र समीक्षा सम्बन्धी विधि पद्धति तथा मूल्य मान्यता हो । यस आलेखमा प्रगतिवादको परिचय र प्रवृत्तिका बारेमा अनुशीलन विश्लेषण गरिएको छ । यसअन्तर्गत प्रगतिवादको परिचय, पृष्भूमिगत आधार, उठान, विकास तथा विस्तार, परिभाषा, निकटवर्ती धाराहरुसँगको साम्य वैषम्य, प्रवृत्ति र निष्कर्ष प्रस्तुत गरिएको छ । यिनै क्षेत्रहरूमा सीमाबद्ध भई अध्ययन अनुशीलन पश्चात् संश्लेषणात्मक रूपमा प्रगतिवादका समस्या र समाधानका आधारहरू पनि पेस गरिएको छ ।*

*© 2025 Journal of Development ReviewSMC All rights reserved*

*शब्दकुञ्जी*
*प्रगतिवाद, समाजवादी यथार्थवाद, द्वन्द्वात्मक भौतिकवाद, आलोचनात्मक यथार्थवाद, प्रगतिशीलता । परम्परा, प्रवृत्ति, साहित्यिक साहित्यिक दर्शन ।*

## १. विषय प्रवेश

प्रगतिवाद समाजपरक समालोचना प्रणाली र यथार्थवादको पृष्ठभूमिमा मार्क्सवादी सौन्दर्यलाई आत्मसात् गर्दै पाश्चात्य साहित्य परम्परामा प्रारम्भ भई विश्वव्यापी बनेको जीवन्त साहित्यिक धारा तथा समालोचना सिद्धान्त हो । प्रगतिवाद समाजपरक समालोचना प्रणालीको मार्क्सवादी शाखा र यथार्थवादको समाजवादी यथार्थवादी धाराको समष्टि साहित्य दर्शन हो । समाज, वर्ग, अर्थ, भौतिकता, मार्क्सवादी विचार, यथार्थ, जनचेतना, सङ्घर्ष आदि प्रगतिवादका आधारभूत पक्षहरू हुन् । विश्व साहित्यमा प्रगतिवाद स्पष्ट दार्शनिक आधारसहित समृद्ध प्रयोग परम्परा भएको साहित्यिक धारा हो । जर्मन, अङ्ग्रेजी, रुसी, चिनियाँ, हिन्दी आदि साहित्यमा व्यापकता साथ विकास तथा विस्तार भएको प्रगतिवाद नेपाली साहित्यमा पनि सशक्त धाराका रूपमा लेखकहरूको एकल तथा संस्थागत प्रयासमा स्थापित

भई प्रयोग हुँदै आएको छ । प्रगतिवादी साहित्य र प्रगतिवादी समालोचना गरी प्रगतिवादका प्रायोगिक दुई आयामहरू हुन्छन् । प्रगतिवादी साहित्य कविता, नाटक, कथा, उपन्यास, निबन्ध आदि साहित्यिक विधासँग सम्बन्धित हुन्छ । यस्तै प्रगतिवादी समालोचना साहित्यिक कृति वा सन्दर्भहरूको प्रगतिवादी मूल्य मान्यता वा दृष्टिकोणका आधार मा गरिने समीक्षात्मक कार्य प्रक्रिया वा लेखनसँग सम्बन्धित हुन्छ । नेपाली साहित्यमा प्रगतिवादका सम्बन्धमा केही महत्त्वपूर्ण कार्यहरू सम्पन्न भएका छन्ह धेरै कार्यहरू हुन बाँकी नै छन् । प्रगतिवादका बारेमा अझै कतिपय भ्रम तथा अस्पष्टताहरू यथावत् छन् । यस शोधन आलेखमा यस सम्बन्धी वास्तविकता केलाउने ठम्याउने यथोचित प्रयत्न गरिएको छ ।

यहाँ प्रगतिवादको परिचय, उठान, विकास तथा विस्तारह समाजपरक समालोचना प्रणाली, सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, प्रगतिशीलता आदिसँगको साम्य वैषम्यह प्रगतिवादको मूलभूत मान्यता तथा प्रवृत्रिहरूबारे सङ्क्षेपमा विचार विमर्श गरिएको छ ।

## २. समस्याकथन र उद्देश्य

प्रगतिवाद पाश्चात्य साहित्य परम्परामा विकसित भई विश्वव्यापी बनेको कला साहित्य सम्बन्धी चिन्तन धारा हो । यो कला साहित्यको सिर्जना र समीक्षा दुबै धारमा प्रयोग हुन्छ । नेपाली साहित्य परम्पर ामा पनि प्रगतिवादको उठान, विकास तथा विस्तार भएको छ । प्रगतिवाद सम्बन्धी प्रशस्तै भ्रम तथा अस्पष्टताहरू छन् । प्रगतिवादको परिचय, पृष्ठभूमि, निकटवर्ती धाराहरू, प्रवृत्ति र प्रगतिवादका समस्या तथा समाधान सम्बन्धी सवाल तथा प्रश्नहरू नै यस शोधन आलोखका समस्या कथनहरू हुन् ।

क) प्रगतिवाद कस्तो साहित्य दर्शन हो ?

ख) प्रगतिवादको पृष्ठभूमिमा के के पर्दछन् ?

ग) प्रगतिवादसँग सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद र प्रगतिशीलताको साम्य वैषम्य के कस्तो छ ?

घ) प्रगतिवादका प्रवृत्तिहरू कस्ता कस्ता छन् ? र

ङ) प्रगतिवादका समस्या र समाधान के के हुन् ?

माथि प्रस्तुत प्रगतिवाद सम्बन्धी सवाल वा प्रश्नहरूसँग सम्बन्धित जवाफ तथा उत्तर दिनु नै यस शोधन आलेखका उद्देश्यहरू हुन् ।

क) प्रगतिवादको परिचय दिने,

ख) प्रगतिवादको पृष्ठभूमि उल्लेख गर्ने,

ग) प्रगतिवादसँग सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद र प्रगतिशीलताको साम्य वैषम्य निश्चित गर्ने,

घ) प्रगतिवादका प्रवृत्तिहरू खोज विश्लेषण गर्ने र

ङ) प्रगतिवादका समस्या र समाधान प्रस्तुत गर्ने ।

## ३. अध्ययन विधि क्षेत्र तथा सीमा

अध्ययन विधि अन्तर्गत सामग्री सङ्कलन विधि र सैद्धान्तिक ढाँचा पर्दछन् । यस शोधन आलेखका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालयमा उपलब्ध प्रगतिवाद सम्बन्धी पुस्तक तथा पत्रपत्रिकाहरूबाट नै गरिएको छ । पुस्तकालयबाट सङ्कलित सामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतका रूपमा प्रयोग गरि एको छ । प्रगतिवादी विद्वान्हरूसँगको भेटवार्ता, अन्तर्क्रिया, यस सम्बन्धी गोष्ठीमा प्रस्तुत कार्यपत्र, शोधपत्रहरू अध्ययन अनुशीलन गरी प्रगतिवादको परिचय र प्रवृत्ति निश्चित गरिएको छ । सैद्धान्तिक ढाँचाअन्तर्गत प्रगतिवाद सम्बन्धी सिद्धान्तको अध्ययन विश्लेषण र कृतिहरूमा प्रस्तुत प्रयोग पक्षलाई आधार बनाई निगमनात्मक र आगमनात्मक विधिहरूका आधारमा खोज विश्लेषण गरिएको छ ।

प्रगतिवादको पृष्ठाधार, उठानअन्तर्गत यथार्थवाद र समाजपरक समालोचना प्रणालीको सामान्य चिनारी, विकास तथा विस्तार, प्रगतिवाद निकटवर्ती धाराहरू, प्रगतिवादको परचय र प्रवृत्ति, समस्या र समाधान यस आलेखको फैलावट तथा क्षेत्र हो । यस्तै माथि प्रस्तुत गरिएका विषय सन्दर्भमा सीमित हुनु, विश्लेषण सूक्ष्म तथा व्यापक हुन नसक्नु, प्रगतिवादको विकास

यात्रा उल्लेख गर्न नसक्नु नै यसको सीमा हो ।

४. प्रगतिवादको परिचय

प्रगतिवाद एक कला साहित्य सम्बन्धी दर्शन हो । यो जीवन जगत् र समाज व्यवस्थाका बारेमा वस्तु सत्य र तथ्यमा आधारित न्यायिक विज्ञान सम्मत् साहित्यिक दृष्टिकोण हो । यथार्थको धरातलमा उभिएर मानव सभ्यतामा अन्तर्निहित अज्ञानता, अन्धविश्वास, अशिक्षा, विभेद, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन आदि कमजोरी तथा कुरूप पक्षहरूको उजागर गर्दै वर्ग सङ्घर्ष, क्रान्ति आदि द्वन्द्वात्मक भौतिकवादी उन्नत कार्य प्रक्रिया तथा चेतनाका माध्यमबाट न्यायपूर्ण भेदभाव रीहत वैज्ञानिक समाज निर्माण गर्न सकिन्छ भन्ने समाजवादी यथार्थवादी साहित्यिक चिन्तन धारा नै प्रगतिवाद हो ।

बोली व्यवहारमा मानव समाजमा योग्यता बढाउनु, धन कमाउनु, घर व्यवहार व्यवस्थित गर्नु, व्यापार व्यवसाय राम्रो गर्नु, पद प्रतिष्ठा प्राप्त गर्नु, सिप हासिल गर्नु यथास्थितिबाट सुधार गर्दै अघि बढ्नु आदि पक्षहरूलाई प्रगति भन्ने गरिन्छ । यस्तै साहित्य क्षेत्रमा लाग्नु, कृति लेख्नु वा साहित्यिक कर्म गर्नु, एउटा कृति लेखेपछि क्रमशः धेरै कृति लेख्नु आदि पक्षहरूलाई प्रगति नै मानिन्छ । यस्ता गतिशील पक्षहरूलाई नबुझेरै सैद्धान्तिकीकरण गरी प्रगतिशील मानी कतिपय लेखकहरू आफूलाई प्रगतिशील/प्रगतिवादी लेखकका रूपमा स्वघोषणा गर्दछन् । सामान्य अर्थमा प्रगतिवादले कमजोर तथा नकारात्मक अवस्थाबाट राम्रो तथा सकार ात्मक अवस्था, गतिशीलता, क्रमिक परिवर्तन जस्ता सुधारजन्य उन्नति प्रगति सम्बन्धी नियम, मान्यता, विचार तथा सिद्धान्तलाई जनाउँछ भन्ने भ्रमपूर्ण बुझाइ हुन सक्तछ । साहित्य समालोचनाका क्षेत्रमा प्रचलित 'प्रगतिवाद' शब्दले माथि भनिए जस्तो सामान्य, बोली व्यवहारको शाब्दिक अर्थ नबुझाई विशिष्ट परिभाषिक अर्थ बुझाउँछ । 'द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई दार्शनिक आधार बनाई साहित्य, साहित्यकार, साहित्यिक आन्दोलन, विकासक्रम, सिद्धान्त सम्बन्धी व्याख्या विश्लेषण गर्ने साहित्य दर्शन नै प्रगतिवाद हो (उपाध्याय, २०६९ : ३५) । अङ्ग्रेजीमा प्रयोग्रेसिज्म ९एचयनचभकक्ष० भनिने प्रगतिवादका समानार्थी शब्द शब्दावलीहरूमा जनसाहित्य, मार्क्सवादी साहित्य, जनवादी साहित्य, प्रगतिशील साहित्य, समाजवादी यथार्थवाद, जनयथार्थवाद आदि पर्दछन् । यी शब्द शब्दावलीहरूबिच आफ्नै विशिष्टता र भिन्नता हुँदाहुँदै पनि सामान्य सन्दर्भमा पर्यायका रूपमा प्रयोग गरिएको पाइन्छ । मार्क्सवादी साहित्य दर्शन वा समाजवादी यथार्थवादी साहित्य दर्शन नै प्रगतिवाद हो । यही विशिष्ट अर्थमा प्रगतिवाद शब्दको प्रयोग सर्वप्रथम हिन्दी साहित्यमा भयो । हिन्दी साहित्यको प्रभावमा नै नेपाली साहित्यमा पनि प्रगतिवाद शब्दको प्रयोग भएको पाइन्छ । यसका पछाडि तत्कालीन सामन्तवादी, पुँजीवादी समाज व्यवस्थामा मार्क्सवाद तथा मार्क्सवादी साहित्य माथि घोषित अघोषित वा प्रत्यक्ष अप्रत्यक्ष रूपमा कठोर प्रतिबन्ध लगाइएकाले केही हदसम्म जोगिने सुरीक्षत उपायका लागि प्रगतिवाद शब्द प्रचलनमा ल्याइएको हो (ऋषिराज बरालसँगको भेटवार्ता, २०७६, मङ्सिर) ।

प्रगतिवादसँग निकट शब्दावली समाजवादी यथार्थवाद नै हो । 'प्रगति' शब्दमा विचार वा सिद्धान्त बोधक 'वाद' लागेर बनेको 'प्रगतिवाद' मा प्रयुक्त 'प्रगति' शब्दले बोली व्यवहारमा माथि भनिएभन्दा भिन्न विशिष्ट अर्थमा 'शोषित पीडित जनताको प्रगति, सङ्घर्षशील श्रमजीवी किसान, मजदुर वर्गको प्रगतिह सामन्तवादी पुँजीवादी दमन उत्पीडन सहन विवश जनताहरूको प्रगतिह अशिक्षित भोका नाङ्गा गरिब दुःखीहरूको प्रगतिह समग्र अन्धविश्वास, कुरीति, कुसंस्कार, भेदभाव, अन्याय, अत्याचार आदि गलत पक्ष र प्रवृत्तिहरूबाट मुक्त हुने प्रगतिह विकसित मानव सभ्यता निर्माणका लागि यथार्थ वस्तुगत धर ातलमा उभिएर गरिने प्रगतिलाई बुझाउँछ (पूर्ववत्, ३५-३६) । समाज व्यवस्थामा विद्यमान आर्थिक,

सामाजिक, सांस्कृतिक, जातीय, शासकीय थिचोमिचो, प्रभुत्व सहँदै कठिनाइसँग जुधेका मूलधारका जनताको पक्षमा उभिने साहित्य भएकाले प्रगतिवादी साहित्यलाई जन साहित्य तथा जनवादी साहित्य भनिन्छ । मार्क्सवादका मूलभूत दुई सिद्धान्त द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादका साथै मार्क्स, एङ्गेल्स, लेनिन, माओ र अरू मार्क्सवादी विचारकहरूका कला साहित्य सम्बन्धी दर्शनलाई आत्मसात् गर्ने साहित्य भएकाले प्रगतिवादी साहित्यलाई मार्क्सवादी साहित्य भनिन्छ । यस्तै प्रगतिवादी साहित्यलाई समाज व्यवस्था, समाज विकास, वैज्ञानिकता, आमूल परिवर्तन जस्ता पक्षहरूमा केन्द्रित हुने भएकाले समाजवादी यथार्थवादी साहित्य भनिएको हो । यहाँ प्रगतिवादीका पृष्ठ आधार समाजपरक समालोचना प्रणाली र यथार्थवादका बारेमा सङ्क्षिप्त जानकारी दिनु आवश्यक हुन्छ ।

समाजपरक समालोचना प्रणाली समाजलाई केन्द्रमा र ाखेर साहित्य, साहित्यकार तथा साहित्यिक सन्दर्भको अध्ययन विश्लेषण, व्याख्या विवेचना गरिने पाश्चात्य समालोचना परम्परामा विकसित एक समालोचना प्रणाली हो । सोसलिस्ट क्रिटिसिज्म भनिने यस समालोचना प्रणालीमा समाज र साहित्यको घनिष्ठ सम्बन्धमा जोड दिइन्छ । यसमा समाजलाई केन्द्रमा राखेर समाज सापेक्ष साहित्यिक पक्ष वा सन्दर्भको अध्ययन गरिन्छ । ...सामाजिक दृष्टिबाट साहित्यिक कृति तथा कृतिकारको अध्ययन विश्लेषण तथा मूल्याङ्कन गर्ने पद्धतिलाई समाजपरक समालोचना प्रणाली भनिन्छ (शर्मा र लुइटेल, २०६२ : १२६) । इटालियन विद्वान् गियाम्बाटिस्टा भिकोले गरेको होमरका महाकाव्यहरूमा समाज व्यवस्थाको अध्ययन (सन् १७२५) नै यस प्रणालीको पहिलो गहन कार्य मानिन्छ । यस्तै जर्मन समालोचक जे.जी. हर्डरले ग्रिसेली नाटककार र सेक्सपियरका नाटकहरूको समाज सापेक्ष अध्ययन गर्नु, एच.ए. टेनले, जाति, पर्यावरण र क्षणमा समाज र परिवेशबारे गहन विचार प्रस्तुत गर्नु, मार्क्सवादी चिन्तन धाराको व्यापकता, गैर मार्क्सवादी समाजशास्त्रीय दृष्टिकोणको विकास आदि कृति, कार्य, धारा, प्रवृत्तिहरू समाजपरक समालोचना प्रणालीका प्राप्तिहरू हुन् । यस समालोचना प्रणालीको समाज व्यवस्था र मार्क्सवादी चिन्तन धाराको गहिरो सम्बन्ध प्रगतिवादसँग छ ।

पाश्चात्य साहित्य परम्परामा परिष्कारवाद तथा आदर्शवादका रूढता, कृत्रिमता, कुरूपता तथा सङ् कीर्णता र स्वच्छन्दतावादको सस्तो भावुकता, अर ाजकता, रहस्यमयी अमूर्तता तथा अस्वाभाविक काल्पनिकता आदि पक्षहरूलाई अस्वीकार गर्दै जीवन जगत्का वस्तु, सत्य र तथ्यलाई नै मुख्य आधार मानी देखा परेको साहित्यिक वाद नै यथार्थवाद हो । ...यथार्थवाद भनेको भौतिक जीवन र जगत् प्रति विश्वस्त, वैज्ञानिक तथ्यमा आधारित आदर्शवाद, स्व्च्छन्दतावाद इतर त्यस्तो साहित्य सिद्धान्त हो जसमा वास्तविकता, वस्तुपरकता, निर्वैयक्तिता, सामाजिकता, सरलता, स्थानीयता, विज्ञान र प्रविधिको विविध प्रंयोग, सुधारात्मकता, इमानदारी जस्ता पक्षहरू सहज रूपमा आउँछन् (उपाध्याय, २०६९ : २६) । यथार्थवादको पृष्ठ आधारहरूमा डार्बिनको विकासवाद, वैज्ञानिक आविष्कार, विज्ञान प्रविधिको विकास, मार्क्सवादको प्रभाव, भाषा विज्ञानको विकास आदि पर्दछन् । सन् १८२८-३० तिरका जर्मन कवि हाइनरिरव हाइनेका कविताहरू, स्यामल्फेरको ले रि यालिज्म ९ीभ चभबष्किर सन् १८५७) शीर्षकको लेख र फ्रान्सेली उपन्यासकार गस्ताव फ्लोवेयरको मदाम बोमरी (सन् १८५७) उपन्यास यथार्थवादका प्रारीम्भक चरणका महत्त्वपूर्ण आधारहरू हुन् । यस्तै युरोपमा चलेको विभिन्न राजनीतिक तथा कला साहित्यिक आन्दोलन, रुसी लेखकहरुको सक्रियता समाजवादी अभियान्ताहरूको प्रभाव, फ्रायडवाद, वैज्ञानिक चेतना आदि पक्षहरूले पनि यथार्थवादको विकासमा प्रत्यक्ष अप्रत्यक्ष देन दिएका छन् ।

विज्ञान र वर्तमानमा विश्वास गर्नु, आदर्शीकरणलाई उपेक्षा गर्नु, तथ्यलाई शुद्ध रूपमा लिनमा अभिप्रेरित हुनु, शब्दचित्रमा विशेष रुचि राख्नु, स्थानीय तथा

आञ्चलिक परिवेश अँगाल्नु, सहजतामा रमाउनु, समाजमा प्रचलित हास्यव्यङ्ग्य, पीडा, दु:ख अप्ठ्यारा पक्षहरूको पनि मार्मिक चित्रण गर्नु, चिठी, दैनिकी, पर्चा आदि प्रमाणहरू पेस गर्नु, समाज जीवन जगत्लाई केन्द्र बनाउनु, समाज तथा शासन सत्ताका कमी कमजोरी उजागर गर्नु आदि यथार्थ वादका मान्यताहरू हुन् (पूर्ववत्) । पाश्चात्य साहित्यमा सुरु भई विकसित भएको जीवन जगत् र यथातथ्यात्मक चित्रणमा केन्द्रित यथार्थवाद विश्वसाहित्यको प्रभावी, जीवन्त, सक्रिय धारा हो । सयौँ लेखक कलाकार, पत्रपत्रिका, कृतिहरू, सङ्घसंस्था, अभियान्ताहरूका कारण यथार्थवाद समृद्ध साहित्यिक दर्शनका रूपमा वर्तमानमा पनि महानदी जस्तै बनेर गतिशील रहेको छ । यथार्थवादका दर्जन बढी शाखाहरू पनि विकास भएको पाइन्छ । प्रस्तुतिगत आधारमा विशुद्ध, विवेचनात्मक र सामाजिक गरी यथार्थवाद तिन प्रकारका हुन्छन् । विषयवस्तु वा रुचि तथा रीति पक्षका आधारमा यथार्थवादका प्रकारहरू सामाजिक, आदर्शोन्मुख, आलोचनात्मक, प्रगतिशील, ऐतिहासिक, मनोविश्लेषणात्मक, नारीवादी, प्रगतिवादी, प्राकृतवादी, अतियथार्थवादी आदि हुन्छन् । अत: पाश्चात्य साहित्य परम्परामा नीति, रीति र उपदेशले सजिएका तथा नियम, संयम र अनुशासनको कठोर सीमामा बाँधिएका नीतिपरक, आदर्शवादी परिष्कार वादी साहित्य परम्परा लामो समयसम्म मूल धार का रूपमा रह्यो । परिष्कारवादका बोझिला नियम तथा बन्धनहरू तोड्दै साहित्यलाई स्वतन्त्र तथा उन्मुक्त कल्पनायुक्त बनाई स्वच्छन्दतावादी धारा प्रवाहित भयो । परिष्कारवादका शास्त्रीय जडता र स्वच्छन्दतावादको आधारहीन काल्पनिकतालाई पन्छाउँदै पाश्चात्य जगत्मा वस्तु, सत्य र तथ्यमा आधारित जीवन जगत्का भौतिक परिवशेलाई अँगाल्दै यथार्थवादको उदय भयो । पछिल्लो चरणमा पनि यथार्थवाद दर्जनौँ शाखाहरू सहित समृद्ध बन्दै व्यापकता साथ फैलिएको छ । यस शोधन आलेखमा यथार्थवादको एक शाखा प्रगतिवादको उठान, विकास र प्रवृत्ति बारे तल क्रमश: अनुशीलन विश्लेषण गरि एको छ ।

यथार्थवादका विभिन्न शाखाहरूमध्ये एक प्रगतिवाद समाजको आन्तरिक तथा बाह्य व्यवस्थासँग सम्बन्धित समाजको शोषण, दमन, उत्पीडन, भेदभाव तथा असमानताको अन्त्य गरी समृद्ध समाज निर्माण गर्ने उन्नत चेतनायुक्त साहित्यिक समाजवादी चिन्तन धारा हो । समाजवाद स्थापनाका लागि साहित्य निरपेक्ष तटस्थ, ढुलमुले तथा अकर्मण्य नभई सापेक्ष, स्पष्ट, सक्रिय तथा प्रतिबद्ध हुनुपर्छ भन्ने दृष्टिकोण प्रगतिवादले राखेको हुन्छ । स्पष्ट र ाजनीतिक दृष्टकोणसहित समाजवाद स्थापनाका लागि दृढता व्यक्त गर्ने भएकाले यस वादलाई समाजवादी यथार्थवाद पनि भनिन्छ । प्रगतिवाद यथार्थवादको मार्क्सवादी सौन्दर्य तथा मूल्य मान्यतामा आधारित साहित्यिक राजनीतिक धारा नै हो । प्रगतिवाद यथार्थवाद, सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, प्रगतिशीलता हुँदै इतिहासको विशिष्ट कालखण्डमा विकास भएको मार्क्सवादी समाजवादी साहित्यिक चिन्तन धारा हो (उपाध्याय, २०६९ : ३५) । पाश्चात्य साहित्य परम्परामा यथार्थवाद मूलधारमा रही दर्जन बढी शाखाहरूमा विकास भएसँगै प्रगतिवादको उदय भएको हो । प्रगतिवादको पृष्ठभूमिमा समग्र यथार्थवाद, मार्क्सवादको विकास, अक्टोबर क्रान्ति, सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, प्रगतिशिलता र समाज विकासका क्षेत्रमा योगदान दिने लेखक, कृति, प्रवृत्ति, सङ्घ संस्था र सामाजिक, सांस्कृतिक, राजनीतिक तथा साहित्यिक आन्दोलनहरू रहेका छन् ।

प्रगतिवादको उठान बिन्दु 'अ कन्ट्रिबुसन टु द क्रिटिक अफ पोलिटिकल इकोनोमी' पुस्तकको भूमिकामा मार्क्सले व्यक्त गरेको विचारलाई मानिन्छ । सन् १८९२ मा जर्मन मानवतावादी नाटककार गर्हाट हाउप्टम्यानद्वारा लिखित जुलाहा (द विभर्स) नाटक प्रगतिवाद निकट देखिन्छ । रुसी साहित्यकार म्याक्सिम गोर्कीको आमा (सन् १९०६

सम्म लेखिसकेका) उपन्यास प्रगतिवादको गौरव ग्रन्थ हो । कङ्गाल कालीगडहरू, अभागी मजदुरहरू तथा सर्वहाराका जीवनलाई यथार्थ रूपमा चित्रण गर्ने मार्क्सवादी समाजवादी सर्जक गोर्की नै प्रथम महान् प्रगतिवादी लेखक हुन् । प्रसिद्ध कवि भ्लादिमिर मायाकोब्स्की, अलेक्सेइ टाल्सटाय, मिखाइल सोलोखोभहरूले प्रगतिवादको उठानमा महत्त्वपूर्ण योगदान दिए (जोशी, २०५१ : ६८-७०) । युरोपका विभिन्न देशहरूमा प्रगतिवाद निकट लेखन प्रयासहरू भए पनि रुस नै प्रगतिवादको केन्द्र तथा उर्वर भूमि बन्न पुग्यो । सन् १९१७ को अक्टोबर क्रान्तिको गहिरो प्रभाव प्रगतिवादी लेखनमा पऱ्यो । लेनिनको 'पार्टी सङ्गठन तथा पार्टी साहित्य' निबन्ध प्रगतिवादको आधार सामग्रीका रूपमा आयो । सन् १९३२ सम्म आइपुग्दा दर्जनौं प्रगतिवादी साहित्य र पत्रपत्रिकाहरू प्रकाशन भए । सन् १९३४ को अखिल रुसी लेखकहरूको पहिलो सम्मेलनले प्रगतिवादलाई अनुमोदन गऱ्यो । समाजवादी यथार्थवादका रूपमा प्रतिष्ठापित भयो । यसले लेनिन र स्टालिनको संर क्षकत्व प्राप्त गऱ्यो (बराल, २०६७ : १६) । रुसमा भएको लेखकहरूको यस सम्मेलनलाई मस्को बृहत् साहित्यिक सम्मेलन' (सन् १९३४) का नामले पनि चिनिन्छ । लेनिनको ...साहित्य जनताको सम्पत्ति होह यो जनजीवनसँग अभिन्न हुनुपर्दछ । यसले समाजलाई बदल्ने सङ्घर्षमा धारिलो हतियारको काम गर्नुपर्दछ' भन्ने विचारले सयौं लेखकहरूलाई प्रगतिवादी धार ामा आकर्षित गऱ्यो । ट्राटस्कीले कविले आफ्नो इच्छा अनुसार विषयवस्तु चयन गरे पनि सर्वहारा सङ्घर्षको केन्द्रीयता विना साहित्य उठ्न नसक्ने विचार व्यक्त गरे (बराल र एटम, २०५८ : १५६) । सन् १९३५ मा पेरिसमा 'प्रगतिशील लेखक संघ' को स्थापना भएपछि प्रगतिवाद अर्थात् समाजवादी यथार्थवादले अन्तर्राष्ट्रिय अभियानको रूप लियो । वैज्ञानिक समाजवादले पुँजीवादी उत्पादन पद्धतिका ठाउँमा सामूहिकतावादको सिद्धान्तमा आधारित सामाजिक सम्बन्धहरूका नयाँ रूपहरू निर्माण गर्ने सम्भावनालाई पुष्टि गर्न थाल्यो । यसले सामाजिक असमानता, धनी गरिब र शोषक-शोषितका बिच समाजको विभाजनको कारण निजी सम्पत्ति हो र त्यसको उन्मूलन भएको खण्डमा मानवद्वारा मानव माथि हुने शोषणका सम्पूर्ण रूपहरू समाप्त हुनेछन् भन्ने निष्कर्ष निकाल्यो र यही चिन्तन धार ामा समाजवादी यथार्थवाद/प्रगतिवादको उदय भयो (चापागाईं, २०६१ : ४६) । सन् १९६२ मा बेलायतमा 'नयाँ हस्ताक्षर' ले यस अभियानलाई व्यापकता प्रदान गऱ्यो । इसाको बिसौं शताब्दीको तेस्रो दशकदेखि छैटौं दशकसम्म यो वाद सम्पूर्ण पाश्चात्य साहित्यमा निक्कै प्रभावशाली रह्यो (जोशी, २०५१ : ७०) । यस वादको उठान तथा विकासमा विशेष योगदान गर्ने व्यक्तित्वहरूमा मा?र्क्स, एङ्गेल्स, लेनिन, गोर्की, माओ प्लेखानोभ, लुनाचार्स्की, राल्फ फक्स, जर्ज लुकाज, क्रिस्टोफर कडवेल आदि हुन् । विश्व साहित्यको अभिन्न अङ्ग प्रगतिवाद संसारका सयौं भाषा साहित्यमा अहिले पनि जीवन्त वादका रूपमा फैलिँदै समृद्ध बनेको छ ।

नेपाली साहित्यमा प्रगतिवादको पृष्ठभूमिमा निरङ्कुश राणा शासन विरुद्धको चेतना, ब्रिटिस साम्राज्यवाद विरोधी भारतीय जनचेतना, लाइब्रेरी पर्व, नेपाल प्रजा परिषद्को गठन, सहिद पर्व जस्ता घटनाहरू, क्रान्तिकारी स्वच्छन्दता र आलोचनात्मक यथार्थवाद आदि पर्दछन् (ढकाल, सन् २००९ : ७५) । नेपाली साहित्यका लेखक पाठकहरू अङ्ग्रेजी र हिन्दी साहित्यको अध्ययनतिर आकर्षित हुनु, सामन्ती सत्ताबाट नेपाली समाजलाई मुक्त गर्ने सोच, सामूहिक जागरणका रूपमा विकास हुनु, विश्व साहित्य, समाजवादी व्यवस्था क्रान्तिकारी विश्व इतिहास, विद्रोह चेत आदि पक्षहरूको गहिरो प्रभाव पर्नु पनि नेपाली प्रगतिवादी धाराका थप पृष्ठ आधारहरू हुन् । वि.सं. २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि मात्रै नेपाली साहित्यमा प्रगतिवादको स्पष्ट वैचारिक आधार तयार भएको हो । यस धार ाको ठोस अभिव्यक्ति वि.सं. २००८ मा श्यामप्रसाद

शर्माको सम्पादकत्वमा प्रकाशित 'सेवा' पत्रिकाबाट नै भएको हो (चैतन्य, २०६४ : १०७) । कृष्णचन्द्र सिंह प्रधानको 'भन्ज्याङनेर' (२००८) कविता सङ्ग्रहको भूमिकाले यस धाराको विकासमा थप स्पष्टता प्रदान गर्‍यो । २००९ सालमा श्यामप्रसाद शर्माको नेतृत्वमा स्थापना भएको 'प्रगतिशील लेखक सङ्घ' नेपाली साहित्यमा प्रगतिवादको अभियान, आन्दोलन तथा आधारभूमि बन्यो । २०१७ सालसम्म नेपाली साहित्यमा प्रगतिवाद सशक्त धाराका रूपमा विकास भयो (ढकाल, पूर्ववत्) । निरङ्कुश पञ्चायती व्यवस्था (२०१७) सुरु भएपछि प्रगतिवादी धारामा शिथिलता देखा पर्‍यो । सङ्ख्यात्मक तथा मात्रात्मक रूपमा प्रगतिवाद सम्बन्धी कृति, कार्य, अभियानहरूमा कमी आए पनि गुणात्मक रूपमा प्रगतिवाद निरन्तर रूपमा अघि बढिरह्यो । झापा विद्रोह (२०२८), विद्यार्थी आन्दोलन (२०३५), जनमत सङ्ग्रह (२०३६), जनआन्दोलन (२०४६/०४७), जनयुद्ध (२०५२-२०६२), दोस्रो जनआन्दोलन (२०६२/६३) आदि ऐतिहासिक घटनाक्रमहरूका कारण प्रगतिवादको विकास तथा विस्तारमा महत्त्वपूर्ण योगदान पुग्यो (पूर्ववत्, ८३) । पछिल्लो चरणमा प्रगतिवादसँग सम्बन्धित स्रष्टा, पत्रपत्रिका, सङ्घ संस्था, कृति आन्दोलन र अभियानहरूले गर्दा नेपाली साहित्यमा प्रगतिवाद समृद्ध साहित्यिक धारा वा दर्शनका रूपमा विकास तथा विस्तार भएको छ । अझै यस धारामा केन्द्रित रही व्यक्तिगत तथा संस्थागत रूपमा व्यक्ति, कृति, प्रवृत्ति र विधागत शोधकार्यले यस धाराको समग्र विकासमा विशेष उपलब्धि हासिल गरेको छ । अहिले पनि समाजवादी यथार्थवादका मूलभूत मान्यताहरूलाई आत्मसात् गर्दै जीवन्त, सशक्त र प्रभावी धाराका रूपमा नेपाली साहित्यमा प्रगतिवाद क्रियाशीलताका साथ अघि बढ्दै छ ।

प्रगतिवादका सम्बन्धमा विद्वान्हरूद्वारा व्यक्त केही प्रतिनिधि दृष्टिकोण वा विचारलाई मनन गरी यसबारे स्पष्ट हुन सकिन्छ । प्रगतिवाद र समाजवादी यथार्थवाद बिच नामकरण र ऐतिहासिकतामा सूक्ष्म भिन्नता भए पनि यहाँ समान अर्थमा नै प्रयोग गरिएको छ । यस सन्दर्भमा प्रगतिवाद/समाजवादी यथार्थवादका सन्दर्भमा प्रगतिवादी विद्वान् ऋषिराज बरालले भनेका छन्- सत्यका प्रति निष्ठा, वस्तुगत यथार्थ र सामाजिक परीस्थितिको समग्र विश्लेषण, पुँजीवादी विकृतिहरूको निर्मम आलोचना र भण्डाफोर, सूक्ष्म निरीक्षण, प्रारूपीकरण, सामाजिक प्रतिबद्धता, गहन मानवीय संवेदना, सर्वहारा वर्गको सङ्घर्ष र विजयमा विश्वासका साथै आलोचनात्मक यथार्थवादका उपलब्धिहरूलाई विरासदका रूपमा स्वीकार्दै यथार्थको संश्लेषणात्मक प्रणाली र द्वन्द्वात्मकतामा आस्था राख्ने साहित्यिक सिद्धान्त नै समाजवादी यथार्थवाद हो (बराल, २०६७ : १९) । उनले समाजवादी दृष्टिकोण अवलम्बन गरेर यथार्थको व्यापक, इमानदारीपूर्ण र क्रियाशील भावावेगका साथ उद्बोधन गर्ने यस वादलाई यथार्थवादकै क्रान्तिकारी परम्पराको सबभन्दा उदात्त र उच्चतम रूप ठहर्‍याएका छन् । समाजवादकै सांस्कृतिक पक्षसित सम्बद्ध यस वादलाई पुरानोको संहार, नयाँको विकास र क्रान्तिकारी चेतना उद्दीप्त गराउने कलात्मक सङ्ज्ञानात्मक साहित्यिक सिद्धान्तका रूपमा चित्रण गर्दै उनले समाजवादी यथार्थवाद मानव जातिको सङ्घर्षशील परम्परा र कम्युनिस्ट भविष्यप्रति दृढ आस्था राख्ने, सर्वहारा वर्ग र उसको सङ्गठित शक्तिप्रति विश्वास गर्ने, वर्ग सङ्घर्षको प्रवाहलाई मूल आधार बनाएर रचना निर्माण गर्ने जीवन श्रम र जनताको सङ्घर्षसित घनिष्ठ सम्बन्ध राख्ने साहित्यिक सिद्धान्त हो (बराल, २०६७ : १६-१७) भनेका छन् ।

मार्क्सवादी सौन्दर्य चिन्तक निनु चापागाईंका अनुसार जीवन सत्यको निरन्तर अन्वेषण, इतिहास दृष्टिका आधारमा यथार्थको ठोस चित्रण, उदीयमान यथार्थको समर्थन र ह्रासोन्मुख शक्तिप्रति विरोध, जीवनका रचनात्मक पक्षहरूमाथि विशेष जोड, सक्रिय नायकको सृष्टि, जीवित सक्रिय र सामाजिक मनुष्यको पुनरुत्पादन, वर्ग सङ्घर्ष र असङ्गतिबाट परिचालित समाजको सूक्ष्म प्रस्तुति, वैज्ञानिक एवम् क्रान्तिकारी

विकासको अनुरूपतामा वस्तुगत यथार्थको प्रतिबिम्बन, विगत, वर्तमान र आगत तिनोटै यथार्थका रूपहरूको समायोजन, भविष्य दृष्टि र रचनाकारको जीवनमा सक्रिय सहभागिता समाजवादी यथार्थवादका सामान्य सैद्धान्तिक रूपरेखाहरू हुन्' (चापागाईं, २०६४ : २००) । चापागाईंले प्रगतिवाद तथा समाजवादी यथार्थवादका सौन्दर्यात्मक एवम् विचारधारात्मक अधारहरूका सम्बन्धमा स्पष्ट शब्दमा भनेका छन्- 'कम्युनिस्ट विचारधाराप्रति निष्ठा, जनसेवा, जन एवम् पार्टी प्रतिबद्धता, श्रमजीवी जनतासँग घनिष्ठ सम्बन्ध, साहित्य कलाको वर्गीय प्रकृतिको समर्थन, समाजवादी मानवतावाद, अन्तर्राष्ट्रियतावाद, ऐतिहासिक, आशावाद, आधुनिकतावाद र विभिन्न रूपवादी प्रवृत्तिको विरोध, समाजवादी यथार्थवादका सौन्दर्यात्मक एवम् विचारधारात्मक आधारहरू हुन्' (चापागाईं, २०६४ : १९९-२००) ।

मार्क्सवादी लेखक तथा विचारक मोहन विक्रम सिंहका अनुसार- 'एउटा साहित्यकारको कर्तव्य खालि समाजलाई जस्ताको तस्तै चित्रण गर्नु मात्र हुनु हुँदैन । उसको कर्तव्य समाजलाई दिशा निर्देश गर्नु पनि हुन्छ । प्रगतिवादी साहित्यले यस बारेमा स्पष्ट दृष्टिकोण राख्दछ । त्यसले विद्यमान समाज व्यवस्थामा परिवर्तन गरेर कसरी नयाँ समाज व्यवस्थाको रचना गर्ने, त्यो कुरामा आधार बनाएर साहित्यको सिर्जना गर्नु पर्ने आवश्यकतामा जोड दिन्छ । त्यस अनुसार प्रगतिवादी साहित्यले सामन्ती वा पुँजीवादी व्यवस्थाको अन्त्य, नयाँ जनवादी वा समाजवादी व्यवस्थाका पक्षमा चल्ने आन्दोलनहरूमा बल पुऱ्याउने साहित्यिक वा कला कृतिहरूको सिर्जनामा जोड दिन्छ । जुन साहित्यमा मार्क्सवादी दर्शन, सामन्तवाद, पुँजीवाद वा साम्राज्यवादको विरोध, कम्युनिस्ट आन्दोलन, वामपन्थी राजनीति वा नयाँ जनवादी क्रान्ति, समाजवाद र साम्यवादका कुर ाहरू हुन्छन् त्यस प्रकारको साहित्यलाई प्रगतिवादी साहित्य भनिन्छ' (सिंह, २०६९ : ११४) । मार्क्सवादी सौन्दर्य चिन्तक तथा विचारक चैतन्यका अनुसार 'प्रगतिवादी समालोचना मार्क्सवादी, लेनिनवादी, माओवादी सौन्दर्य चिन्तन र समाजवादी यथार्थवादको कला सिद्धान्तमा आधारित रहेको हुन्छ । यसले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टि वर्ग सङ्घर्ष तथा सर्वहारा अधिनायकत्वको सैद्धान्तिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा कला साहित्यको क्रान्तिकारी भूमिका, समीक्षकको ऐतिहासिक सामाजिक दायित्वबोध एवम् लेखक पाठकसँगको सजीव सम्बन्ध आदि कुरामा विशेष ध्यान दिन्छ' (चैतन्य, २०६४ : ५०) । प्रगतिवादी साहित्यमा हुनुपर्ने अपरिहार्य तत्त्वहरूका सम्बन्धमा प्रगतिवादी समालोचक गोविन्द भट्ट भन्दछन्- ... प्रगतिवाद कुनै फेसनका रूपमा जन्मेका अस्थायी आन्दोलन नभएर एक वैज्ञानिक विश्व दृष्टिमा आधारित रहेको सांस्कृतिक सिद्धान्त हो । त्यसैले यो केही आधारभूत प्रस्थापना र नीतिहरूबाट निर्देशित रहेको हुन्छ । प्रगतिवादी साहित्यका अपरिहार्य तत्त्वहरूमा पहिलो- द्वन्द्वात्मक भौतिकवादी र ऐतिहासिक भौतिकवादको जीवन दर्शनका आधार मा सामाजिक अस्तित्वलाई बुझ्नुह दोस्रो- मार्क्सवादी सौन्दर्यशास्त्रका आधारमा जनपक्षीय कलात्मक कृतिहरूको रचना गर्दै यथास्थितिलाई बदलेर अग्रगामी पाइला चाल्ने दिशामा सबै दलित पीडित जनतालाई प्रेरणा- प्रोत्साहन दिनु । यस अर्थमा प्रगतिवादी साहित्य स्वच्छन्दतावादी नभएर सामाजिक प्रगति तथा शोषित जनसमुदायको सर्वाङ्गीण मुक्तिका लागि प्रतिबद्ध रहेको हुन्छ र त्यस्तो प्रतिबद्धता पनि यसको अर्को आधारभूत र अपरिहार्य पक्ष हो (सम्पा.- प्रभात, गिरी र ढकाल, २०६९ : ४१०) । समालोचक भट्ट प्रगतिवादी साहित्यकारका बारेमा अगाडि स्पष्ट पार्दछन्- शोषक वर्गको गुणगान गर्ने र तिनको पक्षमा लागेर जनतालाई अलमल्याइदिने साहित्य सामन्ती, बुर्जुवा, प्रतिक्रियावादीका नाउँले जानिन्छ भने त्यस्ताको खण्डन गरेर शोषणको व्यवस्था हटाइ शोषित वर्गको राजनीतिक, आर्थिक र सांस्कृतिक मुक्तिका लागि बोल्ने र बाटो देखाउने साहित्यलाई

प्रगतिशील वा प्रगतिवादी भनिन्छ (पूर्ववत्, ४१३) । वरिष्ठ समालोचक कुमार बहादुर जोशीका अनुसार- 'वर्गहीन समाजवादी समाजको स्थापनाका लागि प्रेरित गर्ने, जाति, धर्म, सम्प्रदाय, वर्ग, वर्ण, वंश आदिका आधारमा अडेका उच नीचताको विरोधी, दीन दु:खी र गरिबहरूको पक्ष अँगाल्ने, सामन्तवादी पुँजीवादी व्यवस्थाका असङ्गतिहरूको भण्डाफोर गर्ने, समानता, बन्धुत्व तथा मानवतावादी भावनालाई जगाउने, जमिनदार पुँजी प्रभृत्ति शोषक वर्गका विरुद्ध जनमत तयार गर्ने ईश्वर धर्म आदि अवैज्ञानिक धारणाहरूको विरोधी तथा विज्ञान समर्थक, साहित्य कलाका क्षेत्रमा यथार्थवादका अनुगामी एवम् शैलीलाई भन्दा विषयवस्तुलाई नै बढी महत्त्व दिने साहित्य नै प्रगतिवादी साहित्य र तद्गत धारणा, प्रवृत्ति तथा मान्यताहरू नै प्रगतिवाद हो' (जोशी, २०५१ : ७१) । प्रगतिवादी लेखक घनश्याम ढकालका मतमा- 'समाजवादी यथार्थवादी धारामा गतिशील यथार्थको कलात्मक प्रतिबिम्बन हुन्छ । प्रतिबिम्बन यथार्थको पुनः सिर्जना हो फोटो चित्रण होइन । यसले वर्ग सङ्घर्षबिचबाट नयाँ नायकको सिर्जना भविष्य दृष्टि र आशावादिताको सञ्चार गर्दछ' (ढकाल, सन् २०० ९ : ७३) ।

प्रगतिवादी विद्वान् भवानी प्रसाद पाण्डेका दृष्टिमा- समाजवादी यथार्थवाद मार्क्सवादी सौन्दर्यलाई आधार बनाएर साहित्य सिर्जना गर्ने पद्धति हो । यो मार्क्स, एङ्गेल्स, लेनिन, माओ जस्ता दार्शनिकहरूको साहित्य कला चिन्तनका आधारमा उभिएको र विभिन्न मार्क्सवादी चिन्तकहरूबाट परिपोषित छ । द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोण यसको मूल दर्शन हो । यसले वर्ग सङ्घर्ष युक्त समाजको व्याख्या गर्ने, वर्ग सङ्घर्षमा सर्वहारा वर्गको पक्ष लिनेह शोषण, उत्पीडन, दमन, अन्याय, अत्याचारका विरुद्ध विद्रोह र क्रान्तिको आह्वान गर्ने कार्य गर्दछ' (पाण्डे, २०६४ : ४८-४९) । भानुभक्त पोखरेलले प्रगतिवादका बारेमा सटीक विचार व्यक्त गरेका छन् । उनका अनुसार- 'प्रगतिवाद वर्तमान युगको कर्मयोग होह यसमा शान्तिका निमित्त क्रान्ति गर्ने, निर्माणका निम्ति सङ्घर्ष गर्ने र सत्य एवम् न्याका निमित्त दिलो ज्यानले कार्य क्षेत्रमा उत्रिने धारणा सर्वोपरि हुन्छ' (पोखरेल, २०५९ : ७६) । माक्सिम गोर्कीका विचारमा समाजवादी यथार्थवाद परम्परा र भ्रष्टाचारका विरुद्ध आमूल क्रान्तिकारी परिवर्तन र सूचक हो । राल्फ फक्सले क्रान्तिको उद्घाटन गर्नु, द्वन्द्व र सङ्घर्षको कार्यकारण सम्बन्धबाट समाधान खोज्नु समाजवादी यथार्थवादको प्रमुख लक्ष्य हो भन्ने मानेका छन् । क्रिस्टोफर कडवेलले यस्तो साहित्यले व्यक्तिभन्दा बढी समाजलाई महत्त्व दिने बताएका छन् । अर्न्स्ट फिसरले पुँजीवादी असन्तुष्टिका कारण लेखक कलाकारहरू समाजवादी यथार्थवादतर्फ उन्मुख भएका हुन् भन्ने मत अघि सारे (शर्मा र लुइटेल, २०६१ : ३०३ बाट उद्धृत) ।

यसरी यथार्थवाद, सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, प्रगतिशीलता हुँदै विकसित प्रगतिवाद मार्क्सवादी सौन्दर्यलाई आत्मसात् गर्ने जनयथार्थवादी साहित्यिक दर्शन हो । शोषित पीडित जनताको हितमा दृढताका साथ उभिने शोषणरीहत समानतामूलक समाज व्यवस्था निर्माण गर्ने समाजवादी उन्नत विचारमा आधारित सङ्घर्ष, क्रान्तिद्वारा न्याय, सुव्यवस्थाको स्थापना गर्न कटिबद्ध प्रगतिवाद भौतिकवादी दर्शन हो । शोषण दमनको अन्त्य मात्रै होइन सबै खाले रूढिवादलाई खारेज गर्दै प्रगतिवाद द्वन्द्वात्मक भौतिकवादमा विश्वास गर्दछ । समाज तथा मानव सभ्यतालाई मार्क्सवादी मूल्य मान्यताका आधारमा न्यायपूर्ण शोषणरीहत समुन्नत, वैज्ञानिक तथा व्यवस्थित बनाउन सकिन्छ भन्ने साहित्य दर्शन प्रगतिवाद हो (उपाध्याय, २०६९ : ३५) । कम्युनिस्ट विचारधाराप्रति निष्ठा, जनताको सेवा, पक्षधरता, श्रमजीवीको सङ्घर्षमय गाथासित घनिष्ठ सम्बन्ध, समाजवादी मानतावाद अन्तर्राष्ट्रियतावाद, ऐतिहासिक आशावाद, रूपवाद, मनोगतवाद तथा प्रकृतिवादी आदिमताको परि त्याग जस्ता वैचारिक दृष्टिकोणहरूमा प्रतिबद्ध र

हने समाजवादी यथार्थवाद/प्रगतिवाद कलाका क्षेत्रमा समग्र अमानवीय संस्कृति विरुद्ध जुध्ने धारिलो र पत्यारिलो हतियार हो (बराल, २०६७ : १९) । कला साहित्यका माध्यमबाट समाजको समस्या र समाधान सहित अन्तर्ययार्थ पहिचान गरी जीवन्त ढङ्गले प्रस्तुत गरिने प्रगतिवादी कला साहित्य समाजलाई वैज्ञानिक, न्यायपूर्ण, समृद्ध, समान बनाउने सशक्त आधार हो । यहाँ सङ्क्षेपमा प्रगतिवादसँग निकटवर्ती धाराहरू सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद र प्रगतिशीलताका बारेमा चर्चा परिचर्चा गर्नु आवश्यक हुन्छ ।

यथार्थवादको समाजकेन्द्री शाखा सामाजिक यथर्थावाद हो । जीवन जगत्को सामाजिकतामा केन्द्रित रही सामाजिक यथार्थवादले समाजका विविध पक्षहरूको विम्बात्मक चित्र प्रस्तुत गर्दछ । समाजका सबै खाले जीवन शैली, रहनसहन, रीतिरिवाज, दु:खसुख, घटना सन्दर्भहरू सचित्र प्रस्तुत गर्ने यथार्थवादी साहित्यिक दृष्टिकोण नै सामाजिक यथार्थवाद हो । यसमा यथार्थवादका सबै प्रवृत्तिहरूका साथै थप सामाजिकता प्रधान पक्ष भएर आएको हुन्छ । समकालीन घटना र परीस्थितिको चित्रणमा जोडमा दिनु, स्थानीय सामाजिक दृश्य र समयको संयोजन गर्नु, महत्त्वहीन ठानिएका ठाउँ, घटना र पात्रहरूको अति सूक्ष्म व्याख्या विश्लेषण गर्नु, स्थानीय सामाजिक भाषिका र कथ्य भाषाको यथावत् प्रयोग गर्नु, औद्योगिक र वैज्ञानिक क्षेत्रका प्राविधिक शब्दावलीको प्रयोग गर्नु, प्रस्तुतीकरणमा सकेसम्म यथार्थ प्रभाव दिन चिठी, संस्मरण र अन्य लिखित कुराहरूको प्रयोग गरी विश्वसनीयतामा वृद्धि गर्नु, समाज र मान्छेको सम्बन्धलाई केलाएर हेर्नु, गरिबका पीडा र उदासीको यथार्थ चित्रण गर्नु, प्रकृतिको चित्रात्मकतामा जोड दिनु, प्रतीकात्मक आलङ्कारिक र विशिष्ट भाषालाई कम महत्त्व दिनु (बराल र एटम, २०५८ : १०६) । सामाजिक यथार्थवादका मुख्य मुख्य प्रवृत्तिहरू हुन् । सामाजिक यथार्थवादी धारामा समाजका धनी गरिब, सुख दु:ख, दया, करुणा, आपतविपत, तनाव, द्वन्द्व तथा सङ्घर्ष आदि पक्षहरू पनि आउँछन् । सामाजिक यथार्थवादबाट नै विशिष्टीकृत हुँदै प्रगतिवाद विकास भएको हो । यो धारा समाजका समग्र व्यवस्थाका बारेमा तटस्थ रहन्छ । यसमा कुनै प्रकारको आग्रह वा परिवर्तनको सन्देश हुँदैन । सामान्य सुधारका कुराहरू चाहिँ हुन सक्छ । यस धाराले इमानदार, निरीह दर्शक जस्तै बनेर समाजको यथास्थितिको चित्रण गर्दछ । यसले साहित्यका भौतिक जगत् तथा वस्तुसत्यलाई अँगाली मानव जीवनको वस्तुपरक प्रस्तुति गर्छ । यसले समाजका कुरीति, अन्धविश्वास, होची अर्घेली आदिको विरोध गर्छ । जनजीवनका संस्कार, आचरण, व्यवहार आदिको इमानदारी साथ यथातथ्य वर्णन प्रस्तुत गर्छ । मानवीय त्रुटि, दुर्बलता, नग्नता, ऋुरता, हिंसात्मकता आदिको पनि तथ्यपरक र विस्तृत चित्रण गर्छ (शर्मा र लुइँटेल, २०६१ : ३००) ।

आलोचनात्मक यथार्थवादी धारा यथार्थवादको शक्तिशाली धारा मानिन्छ । यो धारा सामाजिक यथर्थावादबाट विकास भएको हो । यथार्थवादका सबै स्वभाव तथा प्रवृत्तिहरू अँगाल्दै थपमा समाजका कमी कमजोरी अभाव, अकर्मण्यता, दुर्बलता, विकृति विसङ्गतिप्रति कठोर आलोचना गर्दै सुधार को अपेक्षा राख्दछ । सामाजिक यथार्थवादमा भन्दा विशिष्ट ढङ्गले समाजको अन्तरमा पुगेर अपूर्णता, अल्पता, ढोंगी, बदमासी, खराबीहरूको भण्डाफोर गर्दछ । सामाजिक विकृति र विसङ्गतिको चित्रण गर्नु, समाजलाई पतनमा लैजाने तत्त्वहरूको सूक्ष्म अन्वेषण गरी प्रकाशमा ल्याउनु, शोषण दमन र भेदभाव युक्त प्रवृत्तिको विरोध गर्नु, स्वच्छन्द रूपमा विकृतिबाट मुक्तिका लागि उत्प्रेरित गर्नु, सामाजिक दिनका पक्षमा खुलेर समर्थन गर्नु, परम्पराको जीवन्त उपलब्धिलाई स्वीकार र सम्मान गर्नु, कुरीति, अन्धविश्वास, भ्रम तथा सडेगलेका विचारको निन्दा र आलोचना गर्नु, जनविरोधी, उच्छृङ्खल र व्यक्तिवादी प्रवृत्तिको भण्डफोर गरी तिनसँग जुध्नुपर्ने चेतना दिनु, यथर्थावादी जीवन दृष्टि प्रस्तुत गर्नु, कलात्मक

प्रस्तुतिको अपेक्षा गर्नु, भाषाको स्वाभाविकतामा बढी जोड दिनु (बराल र एटम, २०५८ : ११८) । आदि आलोचनात्मक यथार्थवादका विशेषता हुन् । यसै धाराबाट प्रगतिवादी धारा विकास भएको हो । यो धारा निरपेक्ष विरोधमा रमाउँछ । सुधारमै अल्मलिन्छ । समाज परिवर्तनको स्पष्ट दृष्टकोण हुँदैन । सामाजिक विसङ्गति, अन्याय र अत्याचार प्रति प्रहार गरेर मानवतावादी भावलाई समाजसँग सम्बन्धित कमी कमजोरी, दुर्बलता, सीमा, अस्पष्टता, अपूर्णता जस्ता पक्षहरू खोजी गर्ने खोट देखाउने मूल प्रवृत्ति भएको यथार्थवादको सशक्त धारा नै आलोचनात्मक यथार्थवाद हो । यो क्रान्तिकारी धारा नभई सुधारवादी धारा नै हो । साहित्य, साहित्यकार, साहित्यिक आन्दोलन, जनजीवन आदिलाई आलोचनात्मक कोणबाट बुझ्री व्याख्या विश्लेषण गर्ने, खण्डनलाई मुख्य आधार बनाउने, अझै भएन, यो भएन त्यो भएन थप सुधार हुनु आवश्यक छ भन्ने यथार्थवादी चिन्तन धारा नै आलोचनात्मक यथार्थवादी धारा हो (उपाध्याय, २०६९ : ३०) । त्यसैले यो धारा दोष दर्शनमा झुकाव राख्दछ । मार्क्सवादी मूल्य मान्यतालाई ग्रहण गर्न नसके पनि समाज सुधारका सन्दर्भमा साहित्यका माध्यमबाट यस धाराले महत्त्वपूर्ण योगदान गरेको छ । ...प्रखर यथार्थबोध, वस्तुगत यथार्थको इमानदारीपूर्ण चित्रण, दृढ सत्यनिष्ठा, उत्पीडित जनसमुदायप्रति अतिशय संवेदनशीलता, बाहिरी र भित्री पक्ष सहित सम्पूर्ण युगको चित्रण, गहिरो सामाजिक रुचि, सामन्ती तथा पुँजीवादी समाज व्यवस्थाको अमानवीयता र अनैतिक पक्षको निर्मम आलोचना जस्ता पक्षहरू आलोचनात्मक यथार्थवादका उपलब्धिहरू हुन् । समाज विकासका नियमहरूका बारेमा वैज्ञानिक एवम् सही ज्ञानको अभावका कारण आलोचनात्मक यथार्थवादले वर्ग सङ्घर्ष, सामाजिक असमानता, धनी र गरिब, शोषक र शोषितमा समाजको विभाजनलाई चित्रण गरेर पनि पुँजी वा श्रमका बिचको द्वन्द्वलाई कसरी समाधान गर्ने वा त्यसबाट कसरी मुक्त हुने सार्थक र वैज्ञानिक समाधान दिन सकेन । यसले धेरैजसो खास दिशाको सङ्केत नै गर्दैन भने सङ्केत गरेको खण्डमा पनि त्यो वस्तुगत हुँदैन र सम्झौतावादी, विज्ञान विरोधी र यथार्थ विरोधी हुन पुग्छ (चापागाईं, २०६१ : ४६) । अतः समाजका कमीकमजोरीहरूलाई सशक्त ढङ्गले उठाए पनि समाधान दिन नसक्ने आलोचनात्मक यथार्थवाद प्रगतिवादको विशेष आधार भूमि हो ।

प्रगतिशीलता आलोचनात्मक यथार्थवाद भन्दा अग्रगामी साहित्य दृष्टि हो । प्रगतिशीलता प्रगतिवाद निकट हुन्छ । आलोचनात्मक यथार्थवादका सबैजसो प्रवृत्तिहरू प्रगतिशीलतामा देखिन्छ । यसमा आशावादी भाव, क्रान्तिकारी सोच पनि हुन्छ । यसले मार्क्सवादी विचार दर्शनलाई पूर्ण रूपमा नसके पनि आंशिक रूपमा अङ्गीकार गरेको हुन्छ । यो आलोचनात्मक यथार्थवाद र प्रगतिवादको सेतु हो । 'प्रगतिशील साहित्य वास्तवमा यथास्थितिको विपक्षमा, प्रतिगमनको विरुद्धमा र जनहितकारी परि वर्तनको पक्षमा यथार्थलाई प्रतिबिम्बन गर्ने साहित्य हो (चापागाईं, २०६१ : ४३) । प्रगतिशीलता र प्रगतिवाद उस्तै लागे पनि एउटै होइनन् । समाज चित्रण, यथार्थता, सामाजिक जटिलता, भौतिकवादी र दृष्टिकोण, शोषण, दमन, उत्पीडनको विरोध, समानताको खोजी आदि पक्षहरूमा समानता रहे पनि उपयुक्त विकल्पको प्रयोग वा समाधानका सन्दर्भमा प्रगतिशीलता अस्थिर, शङ्कालु, ढुलमुले, अकर्मण्य, मौन रूपमा देखिन्छ । ...प्रगतिवादी साहित्य सबै नै प्रगतिशील हुन्छन् तर सबै प्रगतिशील साहित्य भने प्रगतिवादी हुन सक्तैनन् । प्रगतिशील र प्रगतिवादलाई छुट्याउने आधारभूत तत्त्व रचना र रचनाकारले स्विकार गरेको विश्व दृष्टिकोण हो । प्रगतिवादी साहित्य र साहित्यकारले द्वन्द्वात्मक भौतिकवाद र वैज्ञानिक समाजवादलाई आफ्नो विश्वदृष्टिकोण बनाउनु अपरिहार्य हुन्छ (चापागाईं, २०६१ : ४२) । प्रगतिशीलतामा यस प्रकारको अपरि हार्यता हुँदैन । यस सन्दर्भमा कुमार बहादुर जोशीको मत स्पष्ट देखिन्छ । उनका अनुसार प्रगतिवादले

द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद र सर्वहारा वर्गको एकाधिपत्यलाई साम्यवादको प्रथम सोपान स्विकार्दछ । प्रगतिशीलताले चाहिँ जातिवाद, वर्गवाद, अन्याय, अत्याचार र शोषणको विरोधीलाई बुझाउँछ । यस्ता प्रगतिशीलहरूमा ईश्वरवादी, धर्मवादीहरू पनि हुन सक्तछन् र वैज्ञानिक दृष्टि अँगाल्नेहरू पनि । परन्तु प्राय: प्रगतिशील कवि लेखकहरू साम्यवादी विचारधारा र कार्यक्रमसँग पूर्णतया सहमत हुँदैनन् र खास गरेर यिनीहरू सशस्त्र क्रान्ति तथा सर्वहारा वर्गको निरङ्कुश शासन व्यवस्थाको विरोध गर्दछन् । यिनीहरू पुँजीवादी प्रवृत्तिहरूको विरोधमा प्रगतिवादीहरूकै पक्ष लिन्छन् र प्रगतिवादीहरू उपर नै विशेष सहानुभूति राख्दछन् (जोशी, २०५१ : ७१) । यसै सन्दर्भमा घनश्याम ढकाल भन्दछन्- ...यथास्थितिको विरोध गर्दै त्यसको आलोचना गर्ने तर त्यसलाई परिवर्तन गर्ने कुनै विचार वा भविष्य दृष्टि नभएको साहित्य प्रगतिशील हो (ढकाल, सन् २००९ : ७२) । प्रगतिशीलता र प्रगतिवादका बारेमा अशोक सुवेदीले पनि स्पष्ट विचार व्यक्त गरेका छन् । उनका अनुसार कुरूप यथास्थितिको विरोध गर्नु र परिवर्तनको कामना गर्नु वा इच्छा राख्नु प्रगतिशीलता हो भने वर्गीय समाजको संरचना बुझेर मार्क्सवादी चिन्तन धारद्वारा ओतप्रोत भई वर्ग सङ्घर्षका माध्यमद्वारा मात्र समाजको आमूल परिवर्तन हुन सक्छ भन्ने विचार स्थापित गर्नु प्रगतिवादको मूल मर्म हो (सुवेदी, २०६२ : ५८) । प्रगतिशीलता सामाजिक, राजनीतिक, साहित्यिक आदि परिवेशमा विद्यमान यथास्थितिको विरोध गर्दै गुणात्मक परिवर्तनको खोजी गर्ने नयाँ विचार चेतना हो । यो आलोचनात्मक यथार्थवादका तुलनामा बढी नै स्पष्ट आशावादी, व्यवस्थित, अग्रगामी, तीव्रताका साथ अगाडि बढ्ने स्वभावको हुन्छ । पाठक, श्रोता, दर्शकमा भविष्य प्रति दरो आशा भरोसा जागृत गराउन कला साहित्यले निरपेक्ष होइन सधैँ सकारात्मक हस्तक्षेपकारी भूमिका खेल्नुपर्छ भन्ने मान्यता प्रगतिशीलतामा हुन्छ । चरणगत रूपमा प्रगतिशीलता आलोचनात्मक यथार्थवादबाट माथि उठेको व्यावहारिक र सैद्धान्तिक रूपमा चाहिँ प्रगतिवाद बन्न नसकेको चरण हो (उपाध्याय, २०६९ : ३४) । अत: प्रगतिशीलता सुधारवादी विचारधारको विशिष्ट रूप हो । यो जहिले पनि यथास्थितिबाट अघि बढ्न सशक्तता साथ क्रियाशील रहन्छ ।

यसरी सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद र प्रगतिशीलता प्रगतिवादका विरोधी धारा नभई सहयोगी धारा हुन् । यी चारै धाराहरू यथार्थवादका शाखाहरू नै हुन् । यी सबैको केन्द्रमा समाज तथा समाज व्यवस्था नै हुन्छ । समाजका बाह्य तथा आन्तरिक अवस्था/व्यवस्थाको चित्रण गर्ने यी धाराहरू समाजसँग क्रमश: तटस्थ, सुधारवादी, परिवर्तन अपेक्षी र परिवर्तनकारी देखिन्छन् । कला साहित्यका क्षेत्रमा यी चारै धाराहरूको विशेष योगदान र महत्त्व छ । प्रगतिवादले अरू तिन धारबाट आवश्यक विषयवस्तु र शैली शिल्प ग्रहण गर्दै मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी विचार सिद्धान्तमा प्रतिबद्ध रही वैज्ञानिक साम्यवादी समाज व्यवस्था निर्माण गर्ने उत्कट चाहना तथा महत्त्वाकाङ्क्षा व्यक्त गर्दछ । मानव समाजमा जरा गाडेर बसेका रूढिवादी विचार, कुरीति, अन्ध विश्वास, शोषण दमन, अन्याय, अत्याचार, भेदभाव आदि नरम्रा तथा कमजोर पक्षहरूको अन्त्य गरी वैज्ञानिक सुव्यवस्थित सुसङ्गत, न्यायपूर्ण, समानतामा आधारित समाज निर्माण गर्ने उन्नत विचार नै कला साहित्यमा प्रगतिवाद हो । सङ्घर्ष, विद्रोह, क्रान्ति, त्याग, बलिदान, आदि पक्षहरू प्रगतिवादका विशेष पहिचान हुन् । यस वादमा आउने सङ्घर्ष तथा क्रान्ति समाजवादी महाअभियानसँग सम्बन्धित हुन्छन् । साम्यवादी समाज निर्माणका क्रममा देखिने स्वाभाविक कार्य प्रक्रियाका रूपमा यी पक्षहरू आएका हुन्छन् । पृथकतावादी, धार्मिक, जातिवादी, प्रादेशिक तथा साम्प्रदायिक लक्ष्यका साथ भएका सङ्घर्ष तथा विद्रोहहरू प्रगतिवाद अन्तर्गत पर्दैनन् । प्रगतिवादका मूल्य, मान्यता तथा प्रवृत्तिहरूबारे तल क्रमश: प्रस्तुत

गरिएको छ ।

५. प्रगतिवादको प्रवृत्ति

प्रवृत्तिले कुनै पनि वस्तु, विषय, विचार वा धाराको आफ्नै विशिष्ट पहिचान, विशेषता, गुण, स्वभाव तथा अरूभन्दा भिन्न, मौलिक विशेष अन्तर्वाह्य वृत्तिलाई बुझाउँछ । प्रगतिवादको विशिष्ट पहिचान के हो ? यसका मूलभूत विशेषताहरू के के हुन् ? यसका आन्तरिक र बाह्य गुण तथा स्वभाव के कस्ता छन् ? प्रगतिवाद अरूभन्दा व्यतिरेकी वा भिन्न हुने आधारहरू के के हुन् ? यसको आफ्नै मौलिक चिनारी वा परिचयात्मक वृत्ति के कस्ता छन् ? प्रगतिवादको दार्शनिक आधार, रुचि, लक्ष्य तथा उद्देश्य, प्रस्तुतिगत स्वरूप, स्थापित मूल्य मान्यता, प्रयोग परम्परामा विकसित वैशिष्ट्य के कस्ता छन् ? भन्ने बारे प्रगतिवादको प्रवृत्ति अन्तर्गत सूक्ष्म रूपमा अध्ययन अनुशीलन गरिन्छ । यहाँ सङ्क्षेपमा प्रगतिवादको प्रवृत्तिहरू खोजी गरएको छ ।

प्रगतिवाद यथार्थवादको सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद प्रगतिशीलता हुँदै विकास भएको समाजवादी यथार्थवादी धारा हो । कला साहित्य आनन्द तथा मनोरञ्जनका लागि मात्रै हुन् भन्ने विचारलाई अस्वीकार गर्दै यस धाराले कला साहित्यले जहिले पनि समाज व्यवस्थाका सबै खाले खराबी हटाई उन्नति प्रगतिको मार्गमा अघि बढ्न उपयोगी साधनको काम गर्नु पर्दछ भन्ने मान्यता राख्दछ । समाजमा व्याप्त दुरावस्था साहित्यकार साहित्यिक कृति मुकदर्शक बनेर होइन कमी कमजोरीको भण्डाफोर गर्दै समाधानका उपायहरू पनि प्रस्तुत गर्ने प्रगतिवाद साहित्यिक प्रतिरोधी आन्दोलन हो । समाज तथा मानव सभ्यतालाई अग्रगति प्रदान गर्ने विचारको आलोक हो । द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद प्रगतिवादका दार्शनिक आधारहरू हुन् । वर्ग सङ्घर्षलाई अँगाल्ने यस वादले सामन्तवाद, विस्तारवाद र साम्राज्यवादको विरोध गर्दछ । समाज व्यवस्थामा हुने शोषण, दमन, अन्याय, अत्याचार, अन्धविश्वास, रूढिवाद, भेदभाव आदि खराबीहरूको अन्त्य गर्दै शोषणरीहत, न्यायिक, भौतिकवाद, वैज्ञानिक समानतामूलक समाज व्यवस्था स्थापनामा जोड दिन्छ । यसले समाज व्यवस्थाको वर्तमान यथार्थका साथै प्रगतिको यथार्थ तथा समाज व्यवस्थाको उन्नति, प्रगतिको समृद्धिका आधारहरू समेत प्रस्तुत गर्दछ । सर्वहारा वर्गको क्रान्तिकारी उत्साह र वर्ग सङ्घर्षको प्रवाहलाई मूल आधार बनाएर रचना निर्माण गर्ने, मान्छे र उसको सङ्घर्षशील चरित्रलाई केन्द्र बनाउने, वस्तु यथार्थको उद्बोधन गर्ने, यथार्थको स्थूल रूपमा होइन क्रान्तिकारी रूपमा पुनः सिर्जन गर्ने प्रगतिवाद सर्वहारा वर्गको सङ्घर्ष, वलिदान र उपलब्धिहरूको सङ्घर्षशील गाथालाई प्रस्तुत गर्ने सर्वहारा मानवतावादमा आधारित कम्युनिस्ट प्रतिबद्धता र सचेतताले ओतप्रोत नयाँ चेतना हो (बराल, २०६७ : १६-१७) । कला साहित्यका क्षेत्रमा उदीयमान पहिचान बनाइसकेको प्रगतिवादले श्रम, श्रमशक्ति र उत्पादन सम्बन्धप्रति विशेष रुचि राख्दछ । वर्तमान र भविष्यलाई एक अर्कामा आबद्ध अविच्छिन्न शृङखलामा हेर्ने, इतिहासको महत्त्वपूर्ण र निर्णायक शक्ति जनतालाई मान्ने, कम्युनिस्ट उत्साह र जनताप्रतिको प्रतिबद्धतालाई नै केन्द्रीय उद्देश्य बनाउने प्रगतिवादले क्षयोन्मुख र उद्योन्मुख, जीवन्त र मृत, स्थिर र अग्रगामी शक्तिबिच सही चयन गरी अग्रगामी तत्त्वलाई कलामा सदैव अगाडि ल्याउने कार्य गर्दछ । प्रारुपित र आदर्श नायक मार्फत यसले क्रान्तिकारी आदर्शको उद्बोधन गर्दछ (पूर्ववत् : २०) । प्रगतिवादले अव्यवस्थित कुरूप सामाजिक संरचनालाई ध्वस्त पारेर नयाँ जनवादी सामाजिक संरचनाको निर्माण गर्ने जनताको यथार्थका साथै तिनको सङ्घर्षलाई गहन र जीवन्त रूपमा प्रतिबिम्बत गर्ने समाजका अग्रणी विचारहरूलाई उद्घोष एवम् पुष्टि गर्ने र विकासशील शक्तिहरूको हितको रक्षामा साहित्य लेख्ने कार्यलाई विशेष महत्त्व दिन्छ (चापागाईं, २०६१ : ४०) ।

बुँदागत रूपमा प्रगतिवादका मूल्य, मान्यता, प्रवृत्ति तथा विशेषताहरू पेस गर्दा यसबारे थप स्पष्ट हुन

सकिन्छ ।

यथार्थवादी कला साहित्यमा स्थापित एक समाजवादी धारा,

द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई वैचारिक आधार स्रोत मान्ने,

मार्क्सवादी दर्शनलाई आत्मसात् गर्ने,

श्रमजीवी जनताको पक्षमा उभिने,

कलासाहित्यलाई समाज परिवर्तनको वैचारिक सांस्कृतिक प्रभावकारी औजार मान्ने,

समाज व्यवस्थाका सबै किसिमका खराबीको अन्त्य गरी शोषण रीहत समानतामूलक, भौतिकवादी वैज्ञानिक समाज व्यवस्था निर्माणमा दृढ रही क्रियाशील हुने,

पुँजीवादले उत्पन्न गरेको मानव आकर्षण र मानवको पाशविकीकरणको गहन चित्रणका साथै पुँजीवादी विचार, नैतिकता र संस्कृतिको सार्वभौम, सर्वव्यापी आलोचना र समर्थन गर्ने (चापागाईं, २०६१ : ४७),

क्रान्तिकारी विकासको क्रममा यथार्थलाई प्रतिविम्बन गर्ने,

समाजवादी भावना अनुरूप जनतालाई वैचारिक एवम् सौन्दर्यत्मक शिक्षा दिने,

सर्वहारा वर्ग एवम् उत्पीडित जनसमुदायलाई आलोचनात्मक यथार्थताले झैँ दु:ख भोगिरहने, शोषण दमन सहेर मात्रै बसिरहने सहनशील र समर्पणवादी वर्गका रूपमा मात्र चित्रित नगरी आन्तरिक र बाह्‍य बन्धनबाट आफू र सम्पूर्ण मानव जातिलाई मुक्त गर्ने आफ्नो कर्तव्य, अधिकार एवम् क्षमताप्रति सजग जुझारु र सङ्घर्षशील वर्गका रूपमा चित्रण गर्ने (पूर्ववत् : ५७),

प्रगतिवाद यथार्थ र अझ वर्गकलाकै चित्रण वर्णनमा रमाउने,

लोक जीवनका दु:ख सुख संयोग वियोग, हाँसो आँसु तथा ग्रामीण, किसान र मजदुरहरूको जीवनका घाम छायाहरू प्रतिविम्बित हुने,

कला पक्षलाई भन्दा भाव वा विचार पक्षलाई नै विशेष महत्त्व दिने (जोशी, २०५१ : ७२),

पुरानोको ध्वंस गर्ने शक्ति मात्र होइन नव निर्माणको प्रचण्ड आवेग पनि हुने,

जीवनका आदर्श र यथार्थ बिचको अन्तर्विरोध सबैभन्दा कम हुने,

क्रान्तिकारी जनसमुदायको विकास, जीवन बाँच्ने प्रयत्न र सङ्घर्षका धनीभूत प्रतिविम्बनहरूले उनीहरूको कलात्मक गाथालाई नै प्रस्तुत गर्ने (ढकाल, २०५४ : १०३),

समाज व्यवस्थामा विषम आर्थिक अवस्थाको चित्रण गर्दै आर्थिक समानताको खोजी गर्ने,

साहु सामन्त प्रमुत्वशाली शीर्षक वर्गको ढोगी, स्वार्थी, आडम्बरी प्रवृत्तिप्रति घृणा उत्पन्न गर्दै हेपिएका थिचोमिचोमा पारिएका नारी, गरिब दु:खी निम्न वर्गप्रति विशेष सहानुभूति राख्ने,

विसङ्गति, निराशा, कुण्ठा, विचलन जस्ता पक्षहरूलाई स्वीकार गर्दै सधैँ सङ्गतिपूर्ण, आशावादी, सङ्घर्षशील जस्ता पक्षहरूलाई अँगाल्ने,

अन्तर्राष्ट्रियतावाद, आशावाद, वर्गसङ्घर्ष, न्यायिक सुव्यवस्था समानता, कला उपयोगिता, समाजवादी लक्ष्य, प्रबल सामाजिकता, जनसाधारणको हितमा समर्पित मानवतावाद, कम्युनिस्ट विचारप्रति पूर्ण आस्था र जनप्रतिबद्धता, विद्रोहात्मकता जस्ता प्रवृत्ति हुने प्रगतिवाद वैज्ञानिक समानतामूलक व्यवस्थित समृद्ध मानव सभ्यता निर्माण गर्न सधैँ क्रियाशील रहने,

वस्तुगत यर्थाथमा आधारित रही सरल सर्वसाधारण पाठकहरूले बुझ्ने भाषिक प्रयोग हुने प्रगतिवादमा वर्णनात्मकता, विवरणात्मकता यथोचित मात्रामा आञ्चलिकताको प्रयोग, नवीनताको खोजी तथा प्रयोग हुने,

द्वन्द्वात्मक भौतिकवादी मान्यतामा आधारित क्रान्तिकारिताको स्वभाव पाइने प्रगतिवादले रूढिगत आदर्श, परिष्कार, स्वच्छन्दताको परित्याग गर्ने,

प्रगतिवाद यथार्थवादको उन्नत, परिष्कृत एवम्

विकसित रूप भएकाले यर्थाथलाई गतिशील तत्त्वका रूपमा लिँदै सिर्जनात्मक रूपमा प्रतिविम्बित गर्ने ( सुवेदी, २०६२ : ९),

यसरी वर्ग सङ्घर्षमा विश्वास गर्ने, सधैँ आशावादी रहने, अन्याय अत्याचार नसहने, सङ्घर्ष गर्ने, सर्वहारा वर्गको पक्षमा आवाज उठाउने, विद्रोहलाई जनताको अधिकार मान्ने, निम्न वर्गका पात्रहरुलाई नायकत्व प्रदान गर्नेह चेतना पदार्थको उपज मान्ने भौतिकवादी दर्शनको पृष्ठभूमिमा नगर तथा ग्रामीण जनजीवनको चित्रण गर्ने प्रगतिवाद यथार्थवादी लेखन शैली अँगाल्ने कला पक्ष भन्दा भाव पक्षमा जोड दिने, सहजता वास्तविकता, जीवनन्तता जस्ता पक्षमा र माउने लाखौँ शोषित पीडित श्रमजीवी सङ्घर्षशील जनताको साहित्य दर्शन हो । यथार्थवादको समाज वैज्ञानिक क्रान्तिकारी शाखा प्रगतिवाद ईश्वर, धर्म, स्वर्ग जस्ता अलौकिक पक्षहरूलाई अस्वीकार गर्ने, सर्वहारा वर्गको अधिनायकत्व, अतिरिक्त मूल्य सिद्धान्त, वर्ग सङ्घर्ष, हेपिएका शोषित पीडित वर्गको मुक्ति आदि मार्क्सवादी मूल्य मान्यतामा आधारित कला साहित्य सम्बन्धी दर्शन हो । यसले एकातिर जनताको कलासाहित्य सिर्जना गर्न प्रेरित गर्दछ भने अर्कोतिर कला साहित्य वा साहित्यिक कर्म जनताका पक्षमा छन् कि छैनन् मूल्याङ्कन गर्ने स्पष्ट मार्ग वा विधि प्रदान गर्दछ (उपाध्याय, २०६९ : ३९) । प्रगतिवाद समाज राजनीतिमा विशेष रुचि राखी मानव सभ्यताको वैज्ञानिक विकास तथा समृद्धिको खोजी गर्ने मार्क्सवादी कलागत साहित्यिक दर्शन हो ।

## ६.निष्कर्ष

प्रगतिवाद मार्क्सवादी सौन्दर्य चिन्तनमा आधारित कला साहित्य सम्बन्धी दर्शन हो । यर्थाथवाद र यसका सामाजिक, आलोचनात्मक र प्रगतिशील शाखाहरूलाई पृष्ठाधार बनाई पाश्चात्य साहित्य परम्परामा सुरु भई विश्वव्यापी बनेको प्रगतिवाद मौलिक, पूर्ण, स्पष्ट वैचारिक दृष्टिकोण भएको कला साहित्य सिद्धान्त हो । द्वन्द्वात्मक भौतिकवादी विचार दर्शनमा आधारित प्रगतिवाद आजको सङ्कटग्रस्त समाज व्यवस्थालाई बदलेर वैज्ञानिक न्यायिक समानतामूलक प्रगतिशील, समृद्ध मानव समाज निर्माण गर्ने समाजवादी कला साहित्यिक चिन्तन धारा हो । प्रगतिवादले समाज व्यवस्थालाई नै आफ् नो रुचि क्षेत्र बनाएको हुन्छ । समाज, मानिस र उसका क्रियाकलाप, आर्थिक पक्ष, शोषण भेदभावका विविध रूप, यथार्थता, उत्पादन सम्बन्ध, सङ्घर्ष, क्रान्ति, मुक्ति आदि प्रगतिवादका आधार सामग्रीहरू हुन् । समाज व्यवस्थाका तमाम समस्याहरू उजागर गर्दै सङ्घर्षका माध्यमबाट वैज्ञानिक ढङ् गले समाधान खोज्ने प्रगतिवादको केन्द्रमा व्यष्टिगत तथा समष्टिगत रूपमा समाजको सर्वोपरि हित सामाजिक स्वार्थ, मानव सभ्यताकै समुन्नति निहित हुन्छ । त्यसैले प्रगतिवादलाई विकल्पमा समाजवादी यथार्थवाद भनिएको हो । जर्मन साहित्यमा जन्मिएर रुसी, अङ्ग्रेजी साहित्यमा विकसित प्रगतिवाद फ्रान्सेली, चिनियाँ, हिन्दी आदि भाषा साहित्यमा झाँगिएको विश्व साहित्यको शाश्वत् धारा हो । प्रगतिवादका सिर्जना र समालोचना दुई प्रमुख आयामहरू हुन् । यस शोधन आलेखको प्रारम्भमा प्रगतिवादको पृष्ठभूमि, उठान, शाब्दिक सन्दर्भका साथै समाजपरक समालोचना प्रणाली र यथार्थवाद बारे सङ्क्षिप्त जानकारी सहित सामाजिक यथार्थवाद, आलोचनात्मक यर्थाथवाद र प्रगतिशीलतासँगको निकटता पृथकता ठम्याउने प्रयास भएको छ । यसको मूल भागमा प्रगतिवादको विकास तथा विस्तार, परचय, परिभाष र प्रवृत्तिबारे विचार विमर्श गर्दै विश्लेषण संश्लेषण गरिएको छ ।

मानव समाजमा सामान्य सुधार, विकास तथा उन्नति गर्नुलाई प्रगति भनिए पनि कला साहित्यिक दर्शनमा प्रगति शब्दले विशिष्ट पारिभाषिक अर्थ बोध गर ाउँछ । यस सन्दर्भमा प्रगति भनेको श्रमजीवी किसान मजदुर शोषित पीडित जनताको प्रगति, समाजका सबैखाले समस्याबाट मुक्ति पाउने प्रगति, वस्तुपरक यथार्थ भौतिक परिवशेमा आधारित रही समाजलाई नै अग्रगतिमा अघि बढाउने प्रगति हो । समग्र समाजको सङ्कीर्ण, कमजोर अन्यायपूर्ण, असमान

गतिहीन अवैज्ञानिक अवस्थाबाट फराकिलो सशक्त, न्यायपूर्ण समानतामा आधारित गतिशील वैज्ञानिक व्यवस्थामा परिवर्तन हुनु नै प्रगति हो । यस्तो प्रगति सम्बन्धी सैद्धान्तिक चिन्तन धारा नै कलासाहित्यमा प्रगतिवाद वा समाजवादी यथार्थवाद हो । राजनीतिमा प्रगतिवादी सिद्धान्तले मार्क्सवाद वा समाजवादलाई बुझाएको हुन्छ । त्यसैले कला साहित्यमा प्रगतिवाद भन्नु नै मार्क्सवाद वा समाजवाद हो । आर्थिक, सामाजिक, सांस्कृतिक शासकीय आदि समस्याहरू पहिचान गरी आम शोषित पीडित जनताका पक्षमा दृढताका साथ खडा हुने कला साहित्य सम्बन्धी प्रवृत्ति, मान्यता वा दृष्टिकोण नै प्रगतिवाद हो ।

समाजपरक समालोचना प्रणाली र यर्थाथवाद प्रगतिवादका पृष्ठ आधारहरू हुन् । समाज र साहित्यको सम्बन्धलाई उच्च महत्त्व दिने, समाजलाई नै केन्द्र बनाई कला साहित्य र यस सम्बन्धी सन्दर्भहरूको अध्ययन, विश्लेषण, मूल्यङ्कन गर्ने पाश्चात्य साहित्य परम्पराबाट विकसित समालोचना प्रणाली नै समाजपरक समालोचना प्रणाली हो । यसको मार्क्सवादी धाराको प्रत्यक्ष सम्बन्ध प्रगतिवादसँग हुन्छ । आदर्शवाद परिष्कारवाद, नीतिपरक समालोचना र स्वच्छन्दतावादको रूढिगत शास्त्रीय तथा आत्मपरक सस्तो भावुकता आधारहीन काल्पनिकताप्रति जोडदार असहमति जनाउँदै पाश्चात्य साहित्य परम्परामा विकसित यथार्थवाद भौतिक जीवन जगत्मा विश्वास गर्ने वैज्ञानिक तथ्यमा आधारित साहित्य दर्शन हो । वस्तुपरकता, भौतिकता, निर्वैयक्तिकता, सामाजिकता, स्थानीयता, सरलता जस्ता अभिलक्षणा हुने यथार्थवाद यथातथ्यमा केन्द्रित समृद्ध कला साहित्य सम्बन्धी दर्शन हो । यथार्थवादका दर्जन बढी शाखाहरूमध्ये प्रगतिवाद एक हो । प्रगतिवादसँग निकटवर्ती तिन शाखाहरूमा सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद र प्रगतिशीलता पर्दछन् ।

समाजका समग्र जीवनशैली, परिवेश तथा घटना सन्दर्भहरूलाई तटस्थ रहेर विम्बात्मक रूपमा प्रस्तुत गर्ने सामाजिकतामा केन्द्रित यथार्थवादको शाखा नै सामाजिक यथार्थवाद हो । यसले समाजको समसामयिक घटनाक्रम, परीस्थिति स्थानीयता, पात्र/चरित्र, भाषिक प्रयोग आदि पक्षहरूलाई यथातथ्य सहित सूक्ष्म ढङ्गले चित्रण प्रयोग गर्दछ । इमानदार, निरीह दर्शक बनेर समाजको वास्तविकताको उद्घाटन गर्ने, भौतिक जगत् तथा वस्तु सत्यलाई अँगाल्ने, सामान्य सुधारका कुराहरू गर्ने, मानवीय संवेग तथा संवेदना जीवनका दु:ख सुख, सङ्घर्षको चित्रणमा रुचि राख्ने सामाजिक यथार्थवादी धारा प्रगतिवादको जन्म र विकासका सन्दर्भमा धरातलीय साहित्य दर्शन हो । समाज र समाजका विविध पक्षपाटाहरूलाई उच्च महत्त्व दिने यथार्थवादको समाजकेन्द्री धारा भएकाले नै सामाजिक यथार्थवादी धारा भनिएको हो ।

सामाजिक दुर्बलता, विकृति विसङ्गतिप्रति कठोर आलोचना गर्ने, दोषी तथा खराब प्रवृत्तिको भण्डाफोर गर्ने शोषण दमनको खरो रूपमा विरोध गर्दै सामाजिक हितका पक्षमा खुलेर समर्थन गर्ने यथार्थवादको प्रभावी शाखा नै आलोचनात्मक यथार्थवाद हो । निरपेक्ष विरोधमा रमाउने, सुधारमै अल्मलिने समाज परिवर्तनको प्रस्ट विचार नभएको आलोचनात्मक यथार्थवाद सामाजिक कुरीति, कुसंस्कार, अन्याय, अत्याचारको निर्मम आलोचना गर्दै मानवतावादी सुधारवादी भावधारा प्रस्तुत गर्दछ । समाज, समाजव्यवस्था, साहित्य, साहित्यकार आदि पक्षलाई आलोचनात्मक कोणबाट बुझी व्याख्या विश्लेषण गर्ने दोष दर्शनमा आधारित यस वादले समाजका दुर्वलताहरूलाई यथातथ्यमा केन्द्रित रही सशक्त ढङ्गले उठाए पनि समाधान दिन सक्तैन । यो वाद प्रगतिवादको विशेष सहयोगी परिवेशगत आधार हो ।

आशावादी क्रान्तिकारी सोच हुने यथार्थवादको एक शाखा प्रगतिशीलता आलोचनात्मक यथार्थवाद र प्रगतिवादको सेतु हो । सामाजिक जटिलता,

भौतिकवादी दृष्टिकोण समानताको खोजी गर्ने प्रगतिशील घारा वा प्रगतिशीलता समाज ईश्वर धर्म, जाति, वर्ग, अर्थ सम्बन्धी भेद भावको अन्त्य चाहने प्रगतिवाद निकट हुन्छ । पुँजीवादी प्रवृत्तिको विरोधमा देखिने प्रगतिशीलता मार्क्सवादी नहुन पनि सक्छ । प्रगतिवादप्रति सुझाव भएको समग्र प्रगतिवादी मान्यता वा प्रवृत्तिहरूलाई अँगाल्न नसक्ने दोधार, अस्थिर, अकर्मण्य स्वभाव प्रगतिशीलतामा हुन्छ । प्रगतिवाद प्रगतिशलताकै विकसित अवस्था हो । सुधारवादी विचारधाराको विशिष्ट रूप प्रगतिशीलता यथास्थितिबाट अघि बढ्न सधैं सक्रिय हुन्छ ।

समाज व्यवस्थासँग सम्बद्ध प्रगतिवाद समाजका सबै किसिम रूढि, असमानता, अवैज्ञानिकता अन्यायको अन्त्य गरी प्रगतिशील समाज निर्माण गर्ने उन्नत साहित्य सिद्धान्त हो । समाजवाद स्थापना र विकासका लागि प्रगतिवादी कलासाहित्य र यस सम्बन्धी समग्र कार्य तटस्थ नभई स्पष्ट सक्रिय र प्रतिबद्ध रहन्छ । मार्क्सवादी सौन्दर्य चिन्तनमा आधारित आलोचनात्मक यथार्थवाद, प्रगतिशीलता हुँदै विकसित प्रगतिवाद गर्हाट हाउटम्यानको जुलाहा (नाटक सन् १८९२) र म्याक्सिम गोर्कीको आमा (उपन्यास सन् २९०६) बाट सुरु भयो । युरोपका प्रमुख साहित्य केन्द्रहरू र रुस नै प्रगतिवादको उर्वर भूमि बन्यो । लेनिनको 'पार्टी सङ्गठन र पार्टी साहित्य निबन्ध', 'अखिल रुसी लेखकहरूको पहिलो सम्मेलन' (सन् २९३४) पेरिसमा गठित ...प्रगतिशील लेखक सङ्घ' (सन् १९३५) बेलायतमा सञ्चालित 'नयाँ हस्ताक्षर' सन् १९६२ आदि व्यक्तिगत तथा संस्थागत कार्यहरूले प्रगतिवादलाई मजबुत बनायो । युरोपमा इसाको बिसौँ शताब्दीको तेस्रो देखि छैटौँ दशकसम्मको सशक्त धाराका रूपमा रहेको प्रगतिवाद नेपालमा कम्युनिस्ट पार्टीको स्थापना (२००६) 'सेवा', (२००८) पत्रिका, भञ्ज्याङनेर (२००८) कविता सङ्ग्रहको भूमिका, 'प्रगतिशील लेखक सङ्घ' (२००९) को स्थापना आदि प्रगतिवादका ऐतिहासिक घटनाक्रम हुन् । सयौँ स्रष्टा, सङ्घ संस्था पत्रपत्रिका, कृति, आन्दोलन, चिन्तकहरूको विशेष योगदानका कारण प्रगतिवाद समृद्धिको यात्रामा निरन्तर अघि बढेको छ ।

प्रगतिवादको स्थापना विकास तथा विस्तार सँगसँगै यसलाई परिभाषित गर्ने क्रम पनि हुँदै आएको छ । यस सम्बन्धमा मार्क्स, एङ्गेल्स, लेनिन, गोर्की, भ्लादिभिर मायाकोबस्की, ट्राटस्की, माओ, प्लेखानोभ, लुना चार्स्की, राल्फ फक्स, जर्ज लुकाज आदि विद्वान् तथा चिन्तकहरूबाट प्रस्तुत परिभाषा तथा दृष्टिकोण नै प्रगतिवादका स्पष्ट, मौलिक तथा विशिष्ट पहिचानका आधारहरू हुन् । नेपाली साहित्यमा ऋषिराज बरल, निनु चापागाईं, चैतन्य, गोविन्द भट्ट, कुमार बहादुर जोशी, घनश्याम ढकाल आदि विद्वान्हरूले प्रगतिवादका सम्बन्धमा गहन अभिमत व्यक्त गरेका छन् ।

मार्क्स एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद मार्फत प्रगतिवादलाई सैद्धान्तिक आधार प्रदान गरे । यी विद्वान्हरूद्वारा लिखित कला साहित्यसम्बन्धी भूमिका तथा कृतिहरू नै प्रगतिवादका प्रारीम्भक प्रस्तावनाहरू हुन् । लेनिनले जनजीवनको अभिन्न अङ्ग जनताको सम्पत्ति साहित्यले समाजलाई बदल्ने सङ्घर्षमा धारिलो हतियारको काम गर्नु पर्ने विचार व्यक्त गरी प्रगतिवादी साहित्यलाई परिभाषित गरे । ट्राटस्कीले सर्वहारा सङ्घर्षको केन्द्रीयतामा जोड दिए । ऋषिराज बरालले वस्तुगत यथार्थ, सामाजिक परीस्थतिको समग्र विश्लेषण, पुँजीवादी विकृतिको निर्मम आलोचना र भण्डाफोर, सूक्ष्म निरीक्षण, प्रारूपीकरण, सर्वहारा वर्गको सङ्घर्ष र विजयमा विश्वास, द्वन्द्वात्मकतामा आस्था राख्ने साहित्य सिद्धान्त नै समाजवादी यथार्थवाद/प्रगतिवाद हो भनी परिभाषित गरेका छन् । निनु चापागाईंले सत्यको निरन्तर अन्वेषण, यथार्थको ठोस चित्रण, वर्गसङ्घर्ष, वैज्ञानिक एवम् क्रान्तिकारी विकासको अनुरूपतामा वस्तुगत यथार्थको प्रतिबिम्बन, भविष्य दृष्टि आदि पक्षहरू नै प्रगतिवादका सैद्धान्तिक आधारहरू हुन्

भनेका छन् । मोहन विक्रम सिंहले समाजलाई दिशा निर्देश गर्ने, समाजव्यवस्थामा परिवर्तन ल्याउने, सामन्तवाद, पुँजीवाद वा साम्राज्यवादको विरोध गर्ने, कम्युनिस्ट आन्दोलन, वामपन्थी राजनीति, नयाँ जनवादी क्रान्ति, समाजवाद र साम्यवादका कुर ाहरू हुने मार्क्सवादी दर्शनमा आधारित साहित्य नै प्रगतिवाद हो भनेका छन् । चैतन्यले प्रगतिवादी कला साहित्यमा द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टि, वर्गसङ्घर्ष तथा सर्वहारा वर्गको अधिनायकत्व, सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा कला साहित्यको क्रान्तिकारी भूमिका हुने विचार प्रस्तुत गरेका छन् । गोविन्द भट्टले द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको जीवन दर्शन तथा मार्क्सवादी सौन्दर्य शास्त्रमा आधारित सामाजिक प्रगति, शोषित जनसमुदायको सर्वाङ्गीण मुक्तिका लागि प्रतिबद्ध रही बोल्ने, बाटो देखाउने, बुर्जुवा प्रतिक्रियावादी साहित्यको खण्डन गर्न साहित्य नै प्रगतिवादी साहित्य हो भनेका छन् । घनश्याम ढकालले गतिशील यथार्थको कलात्मक प्रतिबिम्बन गर्ने वर्गसङ्घर्षको बिचबाट नयाँ नायकको सिर्जना, भविष्य दृष्टि र आशावादिताको सञ्चार गर्ने साहित्य नै प्रगतिवादी साहित्य हो भनेका छन् । कुमार बहादुर जोशीका मतमा वर्गहीन, समाजवादी समाजको स्थपनाका लागि प्रेरित गर्ने, उचनीचको विरोधी, गरिब दु:खीको पक्ष लिने, असङ्गतिको भण्डाफोर गर्ने शोषक वर्गका विरूद्ध जनमत तयार गर्ने अवैज्ञानिक धारणाहरूको विरोधी विज्ञान समर्थक साहित्य नै प्रगतिवादी साहित्य हो । यस्तै भवानीप्रसाद पाण्डेले वर्गसङ्घर्ष युक्त समाजको व्याख्या गर्ने, सर्वहारा वर्गको पक्ष लिने शोषण, उत्पीडन, अन्यायका विरुद्ध विद्रोह र क्रान्तिको आह्वान गर्ने साहित्य नै प्रगतिवादी साहित्य हो भनी परिभाषित गरेका छन् । भानुभक्त पोखरेलले शान्तिका निम्ति क्रान्ति, निर्माणका निम्ति सङ्घर्ष, सत्य र न्यायका निम्ति समर्पण सर्वोपरि हुने प्रगतिवादी साहित्य वर्तमान युगको कर्मयोग भएको विचार व्यक्त गरेका छन् ।

कला साहित्यका माध्यमबाट समाज व्यवस्थामा भएका सबै खाले खराबी, दुर्बलता, अविकास, अवैज्ञानिकताहरूको अन्त्य गर्दै न्यायपूर्ण, समानतामा आधारित वैज्ञानिक तथा विकसित समाज रूपान्तरणमा दृढह नि:स्वार्थ बलिदान र सङ्घर्षपूर्ण जीवन शैलीलाई उच्च महत्त्व दिई प्रतिबिम्बन गर्ने शोषित, पीडित आमजनताका पक्षमा प्रतिबद्ध रहने पहिचान तथा प्रवृत्ति भएको मार्क्सवादी साहित्य दर्शन नै प्रगतिवाद हो । समाजवादी मूल्यलाई आत्मसात् गर्ने प्रगतिवाद जहिले पनि जडता, रूढिवाद, असमानता, भेदभाव, अन्याय, अत्याचारका विरुद्धमा खडा भई समस्याको उजागर गर्दै स्पष्ट समाधानका आधारहरू प्रस्तुत गर्दछ । सोपान क्रममा यथार्थवाद सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, प्रगतिशीलता हुँदै विकसित प्रगतिवादले द्वन्द्वात्मक भौतिकवादलाई अँगाल्दछ । समाज परिवर्तनका लागि कला साहित्यिक औजारको काम गर्दछ । वर्ग सङ्घर्ष, निम्न वर्गीय केन्द्रीयता, क्रान्तिकारिता, यथास्थितिको भण्डाफोर, आशावादिता जस्ता गुण हुने प्रगतिवादले समाजवादी यथार्थको कलात्मक प्रतिबिम्बन गर्दै समाजलाई स्पष्ट दिशा निर्देश गर्दछ । यो राज्यव्यवस्थाका सबै अङ् गहरूमा भएका स्वार्थ, भ्रम, अकर्मण्यता, शोषण दमन, भेदभाव, जडता हटाई उन्नत प्रगतिशील समाज व्यवस्था निर्माण गर्ने कला साहित्यिक आन्दोलन, अभियान तथा विचारधारा हो ।

कला साहित्यले मनोरञ्जनका साथै समाज व्यवस्थालाई अग्रगतिमा अघि बढाउन उपयोगी साधन, विचारको आलोक बन्नु पर्दछ भन्ने प्रगतिवाद समाज व्यवस्थामा व्याप्त दुरावस्थाको पहिचान गर्दै समाधानतिर अग्रसर गराउने साहित्यिक प्रतिरोध आन्दोलन हो । रूढिवाद, सामन्तवाद, पुँजीवाद, विस्तारवाद तथा साम्राज्यवादका विरुद्धमा दृढताका साथ सङ्घर्ष गर्ने मार्क्सवादी साहित्यिक अभियान हो । शोषणरीहत, न्यायिक, समानतामूलक वैज्ञानिक समाज व्यवस्था ल्याउनका लागि समर्पित चिन्तन धारा हो ।

मानव सभ्यतामा समृद्धिको खोजी गर्ने, राजनीतिमा विशेष रुचि राख्ने, अलौकिक पक्षलाई भ्रम मान्ने, निम्न वर्गको सर्वोपरीहित तथा सत्ता स्थापनामा केन्द्रित रहने प्रगतिवाद यथार्थवादको समाज वैज्ञानिक क्रान्तिकारी शाखा हो । कला साहित्यको रूपमा भन्दा अन्तर्वस्तुमा जोड दिने सामान्य पाठकले पनि बुझ्ने सरलता, सरसता, बिम्बात्मकता, स्थानीयताको जीवन्त प्रयोग हुने समाज तथा वस्तु यथार्थमा केन्द्रित प्रगतिवाद एक जुझारु, सशक्त, सङ्घर्षशील समाजवादी कला साहित्यिक सौन्दर्यशास्त्र हो ।

विश्व साहित्यकै अभिन्न अङ्ग बनेको प्रगतिवाद समस्यारीहत चाहिँ छैन । समाज व्यवस्थाका संरचक घटकहरूका कारण विभिन्न भाषा साहित्यमा देशीय तथा परिवेशगत विशिष्टता भिन्न भिन्न प्रकृतिका हुन्छन् । शोषण, दमन, उत्पीडन, भेदभाव, रूढिगत मान्यता, सङ्घर्ष आदिका स्वरूपहरू पनि फरक हुनु स्वाभीवक नै हुन्छ । समग्र समाधानको दार्शनिक आधार प्रगतिवादमा यिनै कारणहरू पहिचान गरी वैज्ञानिक ढङ्गले समाधानको खोजी गरिएको हुन्छ । प्रगतिवादका पनि आफ्नै किसिमका समस्याहरू छन् । यहाँ प्रगतिवादका मूलभूत प्रतिनिधि समस्याहरू उल्लेख गर्नु आवश्यक हुन्छ ।

कला साहित्यमा आनन्द तत्त्वलाई कम महत्त्व दिई भद्दा राजनीतिकरण गर्नु, कलात्मकतामा खासै ध्यान नदिनु, बाहिरी आवरणमा प्रगतिवादी देखिए पनि सारमा प्रगतिवादी हुन नसक्नु, वैचारिक अस्पष्टता क्रान्तिकारी स्वच्छन्दता, प्रशिक्षण तथा साधनाको कमी, बढी नै र ाजनीतिक हस्तक्षेप, पूर्वाग्रही स्वभाव, मार्क्सवादी रूढता, नाता, कृपा, गुटगत प्रभाव, मानका लागि प्रगतिवादी हुने बोक्रे स्वभाव, सत्ता स्वार्थमा केन्द्रित व्यक्तिवादी सङ्कीर्णता, प्रगतिवाद सम्बन्धी शोधकार्यको कमी, आवश्यक ग्रन्थहरू प्रकाशित हुन नसक्नु, प्रगतिशील लेखक सङ्घले अपेक्षित प्रभावकारी भूमिका खेल्न नसक्नु, छुट्टै प्राज्ञिक सङ्घ संस्थाहरू आवश्यकताअनुसार क्रियाशील हुन नसक्नु, पलायनवादी अवसरवादी तथा संशोधनवादी प्रवृत्ति हावी हुनु, कतिपय अवस्थामा आलोचनात्मक यथार्थवादमा सङ्कुचित हुनु, न्यायप्रेमी जनताका विद्रोह तथा जनयुद्धलाई अस्वीकार गर्नु, सामन्तवादी प्रतिक्रियावादीसँग अन्तर्घुलन हुनु, कला मूल्यको न्यूनताका कारण नारा साहित्यमा बदलिनु, आदि प्रगतिवादका समस्याहरू हुन् । मानव सभ्यताका लागि उपयोगी प्रगतिवादलाई थप व्यवस्थित गर्न समस्याहरू समाधान गर्दै अघि बढ्नु पर्दछ । प्रगतिवाद सम्बन्धी स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रशस्तै प्रशिक्षणमूलक कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

यस सम्बन्धी शोध कार्य तथा गौरव ग्रन्थहरू लेखन प्रकाशन गरी पाठक समक्ष सहजता साथ पुऱ्याउनु पर्दछ । अनावश्यक राजनीतिक हस्तक्षेप नसही लेखकीय स्वतन्त्रता कायम हुनु पर्दछ । वैचारिक स्पष्टताका साथ कलात्मकतामा विशेष ध्यान दिनु पर्दछ । नाता, कृपा, गुटगत स्वार्थभन्दा माथि उठेर निम्न वर्गीय जनताको हितमा समर्पित हुनु पर्दछ । सबै खाले रूढता, व्यक्तिवादी सङ्कीर्णता, बोक्रेपन, सत्ता स्वार्थबाट प्रगतिवादलाई टाढै राख्नु पर्दछ । प्रगतिवादसँग सम्बद्ध थप सङ्घ संस्थाहरूको गठन सञ्चालनका साथै 'प्रगतिशील लेखक सङ्घ' लाई प्रभावकारी बनाउनु पर्दछ । प्रगतिवादका दुर्बलता वा परिसीमाहरू पहिचान गर्दै दशक दशकको योजना बनाएर राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा अघि बढेमा मात्रै प्रगतिवादले थप उचाइ हासिल गर्नेछ ।

विभिन्न भाषामा मार्क्सवाद र प्रगतिवादसँग सम्बद्ध शब्दकोश, कार्यपत्र लेखन, गोष्ठी तथा कार्यशाला सञ्चालनह प्रगतिवादी लेखकहरूको निकटता, सहकार्य, अध्ययन भ्रमण, प्रोत्साहन सहित राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना, पुस्तक तथा पत्रपत्रिका प्रकाशन वितरणका लागि सहज अवस्थाको सिर्जना आदि कार्यहरू गर्नुपर्दछ । लेखन तथा मूल्याङ्कनलाई श्रम, भौतिक जगत्, समाज, न्याय तथा समानतासँग जोड्दै निम्न वर्गीय जनतासँग निकट हुनुपर्दछ ।

## सन्दर्भ ग्रन्थसूची

उपाध्याय, यादव राज (२०६९), शोधन समालोचना, पोखरा : साहित्य शृङ्खला ।

चापागाईं, निनु (२०६१), उत्तरआधुनिकतावााद : भ्रम र वास्तविकता, काठमाडौँ : सहस्राब्दी प्रकाशन ।

चैतन्य (२०६४), क्रान्ति र सौन्दर्य, काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

जोशी, कुमार बहादुर (२०५१), पाश्चात्य साहित्यका प्रमुख वाद, काठमाडौँ : साझा प्रकाशन ।

ढकाल, घनश्याम (सन् २००९), "समकालीन प्रगतिवादी साहित्यका बारेमा", रातो झिल्को, (वर्ष : १, अङ्क : २, अक्टोबर-डिसेम्बर पृ. ७२-८५ ।

पाण्डे, भवानीप्रसाद (२०६४), पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद, काठमाडौँ : अल्टिमेट मार्केटिङ ।

पोखरेल, भानुभक्त (२०५९), सिद्धान्त र साहित्य (दो.सं.), काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६७), मार्क्सवाद र उत्तरआधुनिकतावाद (दो.सं.), काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), उपन्यास सिद्धान्त र नेपाली उपन्यास (दो.सं.), काठमाडौँ : साझा प्रकाशन ।

भट्ट, गोविन्द (२०६९), "प्रगतिवादी साहित्यलाई नारावादी भनेर तिरस्कार गर्ने प्रवृत्तिमा पनि दुराग्रह लुकेको हुन्छ" (अन्तर्वार्ता), विष्णु प्रभात, बालिका गिरी र दिलीप ढकालव (सम्पा.) गोविन्द भट्ट : आवाज र आरोहण, काठमाडौँ : दोभान प्रकाशन ।

सिंह, मोहनविक्रम (२०६९), साहित्य, जीवन र सौन्दर्य, काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, अशोक (२०६२), नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत, काठमाडौँ : शारदा सुवेदी ... वर्षात्/विकास आचार्य ।